READ Nepal
Inspiring Rural Prosperity


सामुदायिक सचेतना

वर्ष १९, अंक २, पुस, २०७७ December 2020

## कोरोनाको विश्वव्यापी महामारी १७ लाखभन्दा बढीको मृत्यु



२




१७

## दैनिक ज्यालादारी गर्ने ९० प्रतिशतले गुमाए काम र दाम



३

## डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार २०१९ बाट रिडका संस्थापक डा. न्यूवर सम्मानित



30

## कोभिड १९: राहत सामग्री वितरणका तस्वीर

| | |
|---|---|
| संगम पुस्तकालयद्वारा राहत वितरण | ५ |
| गौरीशंकर सामुदायिक पुस्तकालयद्वारा मानवीय सहायता शृंखला | ६ |
| माडीमा कोरोना सचेतना कार्यक्रम | ७ |
| पत्रकारहरूलाई स्वास्थ्य सामग्री हस्तान्तरण | ८ |
| सामुदायिक पुस्तकालयमा युवा दिवस | ९ |
| ज्ञानोदयले दियो एक महीनाको सटर भाडा छूट | ९ |
| लघु अनुदान परियोजनाः पुस्तकालयको नमूना योगदान | १० |
| स्वतन्त्र जीवनको आधारः चिन्ता र डररहित जीवनशैली | १८ |
| कोरोनापछिको पुस्तकालय सेवा | १९ |
| Serving Communities in Crisis | २२ |
| कोभिड-१९ः सामुदायिक पुस्तकालय गतिविधि | २३ |
| लामो बन्दमा पुस्तकालयका सामग्री संरक्षणका लागि अपनाउन सकिने उपाय | २४ |
| बन्दाबन्दीपश्चात संस्थाको क्रियाकलापहरू सुचारू गर्ने मार्ग निर्देशिका | २८ |
| कोभिड १९ः राहत सामग्री वितरणका तस्वीर | ३० |
| विपद् जोखिम न्यूनीकरणको बहस \| देउखुरीमा वास स्टेशन | ३२ |
| \| समाज रूपान्तरणका लागि पुस्तकालयको भूमिका | ३२ |




READ Nepal
Inspiring Rural Prosperity

**कार्यकारी बोर्ड**

अध्यक्ष भोलाकुमार श्रेष्ठ
उपाध्यक्ष शेरबहादुर परियार
कोषाध्यक्ष मुरारी बिनोद पोखरेल
सचिव रम्भा लामा
सदस्य सुशील मैनाली
सदस्य इरा श्रेष्ठ
सदस्य गीता थापा

**सल्लाहकार बोर्ड सदस्य**

रविन्द्र पुरी
मनोहर भट्टराई
डा. वीरेन्द्रराज पोखरेल
बासुदेव ढुङ्गाना
राजेन्द्र पौडेल
सज्जना श्रेष्ठ

**सम्पादक**
रामजी दाहाल

**प्रकाशक**

रिड नेपाल
सानो गौचरन मार्ग, ज्ञानेश्वर
पोष्ट बक्सः ११९९५, काठमाडौं
फोनः ०१-४४२३१४१
इमेलः info@readnepal.org
वेभः www.readglobal.org
www.facebppk.com/readnepal

**सम्पादकीय**

# कोरोनामा सामुदायिक पुस्तकालयको प्रशंसनीय काम

छिमेकी चीनको वुहानमा पहिलो पटक देखा परेको कोरोना भाइरसले विश्वव्यापी रूपमा महामारीको रूप लिंदा लाखौं मानिसले ज्यान गुमाइसकेका छन् । कोरोनाबाट नेपाल पनि नराम्ररी प्रभावित भएको छ । शुरूका दिनमा फाट्टफुट्ट बिरामी देखिएको भए पनि पछिल्लो समय हरेक दिन मानवीय क्षति बढ्दो छ ।

संक्रमण फैलन नदिन सरकारले शुरूका दिनमा लकडाउन गरेको भए पनि पछिल्लो समय खुला गरिएको छ । लकडाउनका कारण संपूर्ण क्षेत्र ठप्प हुँदा खासगरी दैनिक मजदुरी गरी परिवार धान्दै आएका मानिसहरू अति नै प्रभावित भएका छन् । ती प्रभावित परिवारको पीरमर्का बुझेर नै ग्रामीण शिक्षा तथा विकास (रिड) नेपालले तत्कालका लागि भए पनि केही राहत महशुस होस् भनेर खाद्यान्न लगायतका समग्री बितरण गरेको थियो । रिड नेपालको सहयोगमा देशका बिभिन्न जिल्लामा स्थापना गरिएका सामुदायिक पुस्तकालयहरूले त्यसको अग्रसरता लिएका छन् ।

समुदायको विकासका पक्षमा काम गर्दै आएका पुस्तकालयहरूले बितरण गरेका राहत सामग्रीबाट कोरोना अति प्रभावित परिवारका लागि केही सहज त भएको छ नै, साथै पुस्तकालयले जनचेतनामूलक कार्यक्रम पनि संचालन गरेका छन् । कतिपय पुस्तकालयले स्थानीय रेडियो र टेलिभिजनमार्फत जनचेतनामूलक सामग्री प्रसारण गरेका छन् भने कतिपय पुस्तकालयले स्थानीय पत्रपत्रिकामा सामग्री प्रकाशित गरेका छन् । यतिमात्र होइन, कतिपय पुस्तकालयले यूट्युवमार्फत त्यस्ता जनचेतनामूलक सामग्री पनि प्रसारण गरेका छन् । केही पुस्तकालयले पुस्तकालय हाता तथा नजिकका विद्यालयका विद्यार्थीका लागि लक्षित गरी सेनिटाइजर तथा हात धुने साबुनको पनि व्यबस्था गरेका छन् ।

रिड नेपालको सहयोगमा संचालित सामुदायिक पुस्तकालयहरूले समुदायमा आइपरेका हरेक समस्यामा अग्रसरता लिदै आएको छ । यसअघि २०७२ को भूकम्पका बेला घरबार बिहिन भएका परिवारका लागि राहत सामग्री बितरण गरेको थियो । आत्मनिर्भर सामुदायिक पुस्तकालयले भाडामा लगाएका सटरमा समेत कोरोनाको प्रभावका कारण व्यापार व्यबसाय ठप्प भएपछि भाडा छुट दिएको छ । यसबाट सटर भाडामा लिएर व्यापार व्यबसाय गर्नेहरूले राहत महशुस गरेका छन् । सामुदायिक पुस्तकालयका यस्ता सत्कार्यको समुदायका सदस्यहरूले प्रशंसा गरेका छन् ।



तस्वीरः पीटीआई

## कोरोनाको विश्वव्यापी महामारी

# १७ लाखभन्दा बढीको मृत्यु

चीनको वुहानमा पहिलो पटक पहिचान गरिएको कोरोना भाइरसले विश्वव्यापी रूपमा महामारीको रूप लिएको छ । कोरोना भाइरसको संक्रमणका कारण ७ पुससम्म १७ लाख २३ हजार ७७१ जनाले ज्यान गुमाइसकेका छन् । यसैगरी ७ करोड ८३ लाख मानिस यसबाट प्रभावित भइसकेका छन् । ती मध्ये ५ करोड ५१ लाख भने निको भइसकेका छन् ।

कोरोनाबाट सबैभन्दा बढी अमेरिकामा ३ लाख ३० हजारको मृत्यु भएको छ भने १ करोड ८६ लाख मानिस प्रभाबित भएका छन् । अमेरिकापछि सबैभन्दा बढी मृत्यु भारतमा भएको छ । जहाँ १ लाख ४६ हजारको मृत्यु भइसकेको छ । भारतमा १ करोड मानिस प्रभाबित भएका छन् ।

विश्वव्यापी रूपमा फैलिएको कोरोनाको असरबाट नेपाल पनि अछुत छैन । नेपाल कोरोनाबाट भएको मानवीय क्षतिको ४० औं स्थानामा छ । हालसम्म नेपालमा १ हजार ७९८ जनाको मृत्यु भएको छ भने २ लाख ५५ हजार जना यसबाट प्रभाबित भएका छन् । त्यसमध्ये २ लाख ४५ हजार निको भइसकेका छन् । यसरी संक्रमण फैलँदै गएपछि विश्व स्वास्थ्य संगठनले विश्वव्यापी महामारीको रूपमा घोषणा गरेको थियो ।

कोरोना भाइरस स्वासप्रस्वासको माध्यमबाट सर्ने रोग हो । संक्रमित व्यक्तिले खोक्दा वा हाच्छ्युँ गर्दा नाक वा मुखबाट निस्कने छिटाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने गर्दछ । संक्रमित व्यक्तिको जुठो खाँदा, टावेल, रूमाल सामुहिक प्रयोग गर्दा कोरोना एक व्यक्तिबाट अर्कोमा सर्दछ ।

१००.४ डिग्री फरेन्हाइट भन्दा बडी ज्वरो आउनु, खोकी लाग्नु, थकान महसुस हुनु तथा स्याँस्याँ हुनु यसका लक्षण हुन् । जटिल अवस्थामा यसको संक्रमणले निमोनीया हुनुका साथै सास फेर्न कठिनाई हुने गर्दछ । अत्यन्तै सघन/गंभीर संक्रमण भएको अवस्थामा बिरामीको मृत्यु समेत हुन सक्दछ । दीर्घरोगी ज्येष्ठ नागरिकहरू यसको उच्च जोखिम समूहमा पर्दछन् ।

नियमित हात धुनु र श्वास प्रश्वास सम्बन्धी व्यवहारमा ध्यान पुर्‍याउनु, खोक्दा वा हाच्छ्युँ गर्दा कुहिनो वा कागजी रूमाल प्रयोग गर्ने र त्यसपश्चात उक्त कागजी रूमाललाई बिर्को भएको फोहोर फाल्ने भाँडोमा फाल्नु पर्दछ ।

ज्वरो र खोकी लागेको व्यक्तिबाट टाढा रहने वा आफूलाई ज्वरो र खोकी लागेको छ भने पनि अरू व्यक्तिबाट टाढा रहने र मास्कको प्रयोग गर्नु पर्दछ । भीडभाड भएको ठाउँमा सकभर जानु हुदैन ।

बाहिरबाट घर फर्केपछि वा केही सामान हातले छोएपछि साबुन पानीले कम्तिमा २० सेकेण्डसम्म मिचीमिची हात धुने तथा स्यानिटाइजर प्रयोग गरेर पनि कोरोना भाइरसको संक्रमणबाट जोगिन सकिन्छ ।

कोरोना भाइरसलाई कतिपयले यो केही पनि होइन भनेर हेलचेक्र्याइ गर्ने गरेका छन् भने कतिपयले यसबाट जोगिनै नसक्ने रोगका रूपमा लिने गरेका छन् । केही पनि होइन भनेर हेलचेक्र्याइँ गरेर जथाभावी गर्नु मुर्ख्याइँ हो । अर्कातिर जोगिनै नसक्ने रोग हो भनेर आत्तिनु पनि हुदैन । सावधानी अपनाएर जनजीवन सामान्य अवस्थामा नफर्काएसम्म समाज पूर्बबत अवस्थामा आउन सक्दैन ।

हुन त कोरोना भाइरसको खोप पत्ता लगाउनका लागि बिश्वभर प्रयास भइरहेका छन् । ती प्रयासमध्ये केहीको सफल परीक्षणसमेत भएको छ । आशा गरौं, ती परीक्षण सफल हुनेछन् ।

READ Nepal
Inspiring Rural Prosperity




## डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार २०१९ बाट

# रिडका संस्थापक डा. न्यूवर सम्मानित

नेपालको गाउँ समुदायमा सामुदायिक पुस्तकालयमार्फत शैक्षिक तथा पर्यटन विकासमा योगदान पुऱ्याएको भन्दै डा. न्यूवरलाई डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार २०१९ बाट सम्मानित गरिएको हो ।

ग्रामीण शिक्षा तथा विकास (रिड) का संस्थापक अध्यक्ष डा. एन्टोनिया न्युवर डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार २०१९ बाट सम्मानित भएकी छन् ।

गत असार २९ गते आयोजित कार्यक्रममा कोभिड महामारीका कारण अनलाईनमार्फत डा. न्यूवरलाई सम्मान गरिएको थियो ।

अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था रिडको स्थापना सन् १९९१ मा डा. एन्टोनियाले गरेकी हुन् । पूर्वी नेपालको सोलुखुम्बु जिल्लाको जुनवेशी गाउँको यात्राका क्रममा आफूलाई सहयोग गर्ने गाइडलाई उनले पनि सहयोग गर्न खोज्दा आङदोमी शेर्पाले मलाई भन्दा यस ठाउँमा पुस्तक र पुस्तक राख्ने घर बनाइदिए सबै भन्दा राम्रो हुने कुरा सुनाएपछि नेपालमा पुस्तकालय विकासमा समर्पित भएकी हुन् ।

जसको परिणाम उनै एन्टोनियाको अग्रसरतामा नेपालमै पहिलो सामुदायिक पुस्तकालयका रूपमा जुनवेशी सामुदायिक पुस्तकालय स्थापना भएको हो । त्यसैको निरन्तरता स्वरूप हाल नेपालको ४२ जिल्लामा ६८ वटा सामुदायिक पुस्तकालयको सञ्जाल बिस्तार भइसकेको छ । ती सबै पुस्तकालय आत्मनिर्भर छन् ।

नेपालमा सफल भएको यस्तो प्रयोगलाई रिडकै पहलमा पछिल्लो समय भारत तथा भुटानमा समेत बिस्तार गरिएको छ । यसरी नेपालको गाउँ समुदायमा सामुदायिक पुस्तकालयमार्फत शैक्षिक तथा पर्यटन विकासमा योगदान पुऱ्याएको भन्दै डा. न्यूवरलाई



डा. डिल्लीरमण रेग्मी अन्तर्राष्ट्रिय शान्ति पुरस्कार २०१९ बाट सम्मानित गरिएको हो ।

स्मरणीय छ, यस पुरस्कारबाट दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति नेल्सन मन्डेला, भारतीय स्वतन्त्रता स्थापनाका योद्धा महात्मा गान्धी, अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर र संयुक्त राष्ट संघका पूर्व महासचिव वानकी मुन जस्ता व्यक्तिहरूलाई सम्मान गरिसकिएको छ ।



# संगम पुस्तकालयद्वारा राहत वितरण

उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-३ को कोरोना संक्रमित क्षेत्र भुल्केमा संगम सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्रले राहत वितरण गरेको छ ।




रिड नेपालको सहयोग र त्रियुगा नगरपालिकाको समन्वयमा पुस्तकालयको आयोजनामा ३१५ घरपरिवारलाई राहत वितरण गरिएको हो ।

प्रत्येक घरधुरीलाई गहुँको पीठो पाँच केजी (एक प्याकेट), चना एक केजी, मटर एक केजी, चिनी एक केजी, तेल एक पोका, नून एक केजी, चियापत्ती २० ग्राम (एक पोका), हातधुने साबुन तीन वटा र नुहाउने साबुन एउटा वितरण गरिएको संगम सामुदायिक पुस्तकालयका अध्यक्ष भरत खड्काले जानकारी दिए ।

लकडाउने निम्तिएको खाद्य संकटबाट बचाउनको निम्ति ३ लाख ३३ हजार ९०० रूपैयाँको राहत वितरण गरिएको अध्यक्ष खड्काले बताए ।

कोरोना संक्रमणपछि पुस्तकालयका नियमित गतिविधि बन्द गरिएको थियो । तर पनि स्थानीय सञ्चारकर्मी, पुस्तकालयका सदस्यहरूलगायत नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगर प्रहरीलाई मास्क, स्यानिटाइजर, ग्लोब वितरण गर्नुका साथै कोरोनाबाट कसरी सुरक्षित हुने भनेर सचेतना जगाउनका लागि जानकारीमूलक सन्देश प्रवाह गरिएको थियो ।

भुल्केमा ३२ जनामा कोरोना संक्रमण पुष्टि भएपछि उच्च जोखिमलाई ध्यानमा राखेर त्यस क्षेत्रलाई सिल गरिएको थियो । मानिसहरू घरमा सीमित हुँदा खानेकुराको अभाव भयो भने मुस्लिम समुदायका सदस्यका हातबाट पैसा लिन कसैले पनि नमानेपछि पुस्तकालयले सहयोगका लागि रिड नेपालसँग आग्रह गरेको थियो ।

# गौरीशंकर सामुदायिक पुस्तकालयद्वारा मानवीय सहायता शृंखला



दोलखा जिल्लाको भीमेश्वर नगरपालिका वडा नं. ३ स्थित गौरीशंकर सामुदायिक पुस्तकालय भवन अन्य पुस्तकालयको तुलनामा फरक छ । अपाङ्गतामैत्री तथा भूकम्प प्रतिरोधात्मक यस पुस्तकालय भवनको प्रमुख विशेषता हो । पुस्तकालयले पाठकहरूलाई सात वटा विभिन्न कक्षबाट सेवा दिँदै आएको छ ।

भाइरसको संक्रमणका बीच गौरीशंकर पुस्तकालयले मानवीय सहायताको शृंखला शुरू गरेको छ । १९ चैत २०७६ मा यो शृंखला शुरू गरिएको हो । समुदायस्तरमा लक्षित कार्यक्रम अन्तर्गत रिड नेपाल र एएसबी जर्मनको सहयोगमा अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण कार्यक्रम संचालन गरिरहेको छ ।

यस कार्यक्रमको सशक्त प्रभावको रूपमा जिल्लामै पहिलो पटक कोभिड-१९ को समयमा पुस्तकालयका अध्यक्ष कृष्ण बस्नेतले जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक भीमकान्त शर्मालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेका हुन् । स्वास्थ्य सामग्रीमा ९ थान पीपीई, ३०० थान सर्जिकल मास्क, ३०० थान पञ्जा, ४८ थान स्यानिटाइजर र हात धुने १२ वटा साबुन वितरण गरिएको छ ।

सो अवसरमा विपद् व्यवस्थापन समितिका संयोजक शर्माले जिल्लामै पहिलो पटक कोभिड-१९ संक्रमणको अवस्थाबाट बच्न र बचाउने कार्यमा गरेको स्वास्थ्य सामग्री हस्तान्तरणको प्रशंसा गरे । उनले प्राप्त सामग्रीहरू आवश्यकताका आधारमा जिल्लाभित्रका स्वास्थ्य कार्यालयहरूमा पठाइने बताए । स्वास्थ्य सामग्री अभाव भइरहेका बेला प्राप्त स्वास्थ्य सामग्रीले मानवीय सहायतामा ठूलो मद्दत पुग्ने विश्वास व्यक्त गरे ।

# आपत्कालीन राहत कोष स्थापना



रिड नेपालले एएसबी जर्मनसँगको साझेदारीमा अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण कार्यक्रम शुरू गरेको छ । पुस्तकालयहरूमा यो कार्यक्रम शुरू गरिएपछि आपत्कालीन समयमा समुदायमा कसरी सहयोग गर्न सकिन्छ भन्ने सिकाइ भएको छ ।

यही सिकाइको महत्वपूर्ण उपलब्धी हो, सामुदायिक पुस्तकालय आपत्कालीन राहत कोष स्थापना । कोभिड-१९ र अन्य आपत्कालीन समयका लागि त्यस्तो कोष निकै उपलब्धिपूर्ण सावित भएको छ ।

कोष संचालनका लागि सातवटै प्रदेशबाट पुस्तकालयका प्रतिनिधि र रिड नेपालका दुई जना प्रतिनिधि गरी ९ सदस्यीय कोष संचालन समिति गठन गरिएको छ ।

यस अन्तर्गत कैलालीको टीकापुर नगरपालिका नारायणपुर स्थित भानु सामुदायिक पुस्तकालय र कैलालीकै भजनी नगरपालिकामार्फत बाढीबाट प्रभावित मृतक तीन जनाका परिवार तथा डुबानमा परेका थप ८३ घरधुरीलाई ३० हजारको दरले राहत वितरण गरिएको छ ।

# माडीमा कोरोना सचेतना कार्यक्रम

चितवनको माडीस्थित गर्दी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रले विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोनाभाइरस (कोभिड-१९) को नियन्त्रण र न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम संचालन गरेको छ । पुस्तकालयले नगरपालिकाका मुख्य-मुख्य चोक तथा माडी नगरपालिकामा स्थापना गरिएको क्वारेन्टाइनमा सचेतनामूलक सन्देश समावेश गरिएका फ्लेक्स राखेको छ ।

'बढाऊँ रोग प्रतिरोधात्मक क्षमता, कोरोनालाई जित्ने हाम्रो प्रतिबद्धता' भन्ने नारासहितका फ्लेक्सले जनचेतनामा मद्दत पुगेको छ । एएसबी र रिड नेपालको आर्थिक सहयोगमा गर्दी सामुदायिक पुस्तकालयद्वारा सञ्चालित नेपालमा अपाङ्गता समावेशी विपद् जोखिम न्यूनीकरण परियोजना अन्तर्गत यस्तो कार्यक्रम अघि बढाएको हो ।

सन्देशमा भनिएको छ–

कोरोना (कोभिड-१९) भाइरसबाट तपसिल अनुसार व्यवहार गरौं आफू पनि बचौं र अरूलाई पनि बचाऔं । यसका लागि तपसिल बमोजिमका व्यक्तिगत तथा सामुदायिक सुरक्षा अपनाऔं ।

- नियमित साबुनपानीले २० सेकेण्डसम्म मिची-मिची हात धुने गरौं ।
- स्यानिटाइजरको प्रयोग गरौं ।
- खोक्दा वा हाच्छिउँ गर्दा कुहिनाले वा रुमालले छोपेर खोक्ने वा हाच्छिउँ गरौं ।
- बेला-बेलामा आँखा चिलाउने, मुख छुने जस्ता कार्यहरू नगर्ने र गर्नै पर्ने भएमा हात साबुनपानीले धोएर वा स्यानिटाइजरको प्रयोग बेला-बेलामा गर्ने गरौं ।
- फोन, सोसल मिडिया तथा अन्य अनलाइन विधिबाट एकअर्काको सम्पर्कमा रहने गरौं ।
- भीडभाडमा नजाँऔं र जानै परे मास्कको उचित प्रयोग गरौं ।
- आफू वा आफ्नो परिवारमा स्वास्थ्य सम्बन्धी कुनै समस्या देखिएमा तुरून्तै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा सम्पर्क राखौं र स्वास्थ्यकर्मीको सल्लाहको पालना गरौं ।
- आवश्यक कामले बाहिर जानुपरेमा कम्तीमा दुई मिटरको सामाजिक दूरी कायम गरौं ।
- नियमित शारीरिक व्यायाम तथा घरायसी कामहरू गरौं ।
- सन्तुलित भोजन खाने गरौं; माछा, मासुलाई राम्ररी पकाएर मात्र खाने गरौं ।
- सरसफाइमा विशेष ध्यान दिऔं ।
- भारत या तेस्रो मुलुकहरूबाट स्वदेश फर्किनेहरू स्थानीय सरकारको सम्पर्कमा रहौं र सरकारले बनाएको नियमको पालना गरौं ।
- सबैले कोरोना विरूद्धको लडाइँमा सरकारका नीति नियमको पालना गरौं ।
- अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला, विपन्न परिवार, बालबालिका र वृद्धवृद्धाहरूको विशेष ध्यान दिऔं ।



- खानेकुराको सञ्चय गर्ने बानी बसालौं ।
- सचेत बनौं, सुरक्षित बसौं, आत्मबल बढाऔं, खुशी रहौं, अनावश्यक डर र चिन्ता नलिऊँ ।
- सामाजिक सद्भाव र सहयोग बढाऔं ।
- आधिकारिक सूचनामा मात्र विश्वास गरौं भ्रामक सूचनाबाट भ्रमित नबनौं ।
- कोरोनाभाइरसको विरूद्धमा सामाजिक एकता कायम गरौं ।

# पत्रकारहरूलाई स्वास्थ्य सामग्री हस्तान्तरण



ज्ञानोदय सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र कोहलपुर बाँकेले कोभिड-१९ को जोखिममा कार्यरत स्थानीय सञ्चारकर्मीहरूलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ । संकलन गरिएका सूचनालाई जनस्तरमा पुऱ्याउन अहोरात्र खटिएका सञ्चारकर्मीको काममा सहज होस् भन्ने उद्देश्यले पुस्तकालयले स्वास्थ्य सामग्री हस्तान्तरण गरेको हो ।

पुस्तकालयको सभा हलमा ३ असारमा आयोजित एक कार्यक्रममा पुस्तकालयका अध्यक्ष चेतकान्त भट्टराईले नेपाल पत्रकार महासंघ बाँकेका उपाध्यक्ष प्रदीप वाग्लेलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेका हुन् ।

वाग्लेले हरेक पत्रकारका लागि एक थान एन ९५ मास्क र १०० मिमि स्यानिटाइजर वितरण गरेका थिए । यसका लागि पुस्तकालयले आफ्नै स्रोतबाट रू.२७ हजार ५०० खर्च गरेको हो ।

# क्वारेन्टाइनमा स्वास्थ्य सामग्री हस्तान्तरण

नगरपालिकाको पहलमा शुरु गरिएका क्वारेन्टाइनमा बसेकाहरूका लागि गर्दी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रले विभिन्न स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ।

माडी नगरपालिकाले कोरोनाभाइरसको संक्रमण फैलन नदिनका लागि परीक्षणका क्रममा पोजेटिभ देखिएका बिरामीहरूलाई सुरक्षित बसोबासका लागि १२ वटा क्वारेन्टाइन निर्माण गरेको छ ।

नगरपालिकाको पहलमा शुरू गरिएका क्वारेन्टाइनमा बसेकाहरूका लागि गर्दी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रले विभिन्न स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ ।

कोरोनाभाइरस प्रतिकार्यको लागि पुस्तकालयका अध्यक्ष भरतप्रसाद तिमल्सिनासहित पुस्तकालय व्यवस्थापन समितिका तर्फबाट माडी नगरपालिकाका प्रमुख ठाकुरप्रसाद ढकालको उपस्थितिमा माडी नगरपालिका कोरोना व्यवस्थापन समितिलाई जून २० मा हातधुने साबुन १२० थान, मास्क २०० थान र स्यानिटाइजर ५०० मि.लि.का ५ थान सामग्री हस्तान्तरण गरिएको थियो । लामो समयदेखिको लकडाउनका कारण पुस्तकालय बन्द हुँदा पठनपाठनमा समस्या आएको भन्दै पुस्तकालय प्रयोगकर्ताले पुस्तकालय खुलाउन गरेको आग्रहपछि देउखुरी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्रले भौतिक दूरी कायम गरी पुस्तकालय संचालनमा ल्याएको छ ।

नेपाल सरकारले जारी गरेको लकडाउन केही खुकुलो हुँदै गएपछि पुस्तकालयले गढवा गाउँपालिकासँगको सहकार्यमा स्वास्थ्य सावधानी अपनाउँदै पुस्तकालयमा पठनपाठनको वातावरण मिलाएको हो । पुस्तकालयका विभिन्न कक्षमध्ये पुस्तकालय कक्ष, बाल कक्ष, युवा कक्षबाट सेवा दिइएको हो । कोरोनाभाइरससँग सतर्क रहँदै साबुनपानीले हात धुने, पाठकहरूबीच सामाजिक तथा भौतिक दूरी कायम राख्दै, मास्कको अनिवार्य प्रयोग गरी पुस्तकालयबाट सेवा दिइएको हो । यसबाट २३५ जना स्थानीय लाभान्वित भएका छन् । तीमध्ये १८९ पुरूष र ४६ जना महिला छन् ।

# सामुदायिक पुस्तकालयमा युवा दिवस

ग्रामीण शिक्षा तथा विकास (रिड) नेपालको आयोजनामा विविध कार्यक्रमका साथ अन्तर्राष्ट्रिय युवा दिवस मनाइयो । रिड नेपाल र रिड नेपालको सहयोगमा संचालित सामुदायिक पुस्तकालयहरूले कोरोना महामारीका कारण गत अगष्ट १२ मा अनलाईन मार्फत कार्यक्रम गरेका थिए ।

रिड नेपाल र नेपाल जेसिसको संयुक्त आयोजनामा अभिप्रेरणादायी कार्यक्रम गरिएको थियो । यो कार्यक्रम बिशेषगरी ट्याग सेन्टर र रोटा सेन्टरमा केन्द्रित रहेको भए पनि अन्यको पनि सहभागिता रहेको थियो । कार्यक्रममा ३५० जनाको सहभागिता रहेको थियो ।

सहजकर्ताले युवा नेतृत्व, कोभिड १९ को रेस्पोन्समा युवाको भूमिका, युवा अभियान लगायतका बिषयमा प्रबचन दिएका थिए । साथै, सहजकर्ताले नेपाल सरकारको युवा केन्द्रित नीति, स्थानीय सरकारका युवा विकास सम्बन्धी कार्यक्रम लगायतका विषयमा जानकारी गराएका थिए । अन्य सामुदायिक पुस्तकालयले जस्तै लुम्बिनी तिनाउ सामुदायिक पुस्तकालयले पनि सामुदायको विकासमा युवाको भूमिका बिषयमा स्थानीय सञ्चार माध्यमहरूसँग अन्तरक्रिया कार्यक्रम संचालन गरेको थियो ।

अन्य पुस्तकालयले जस्तै भानु सामुदायिक पुस्तकालयले समुदायको विकासमा बिभिन्न ढंगबाट योगदान पुर्याउँदै आएका समुदायका युवा हिरोलाई सम्मान गरेको थियो । यसरी सम्मानित हुने युवाहरू सामुदायिक पुस्तकायमा संलग्न छन् अथवा त्याँहाबाट प्रशिक्षित भएका छन् ।

फुलबारी र प्रगातिनगर सामुदायिक पुस्तकालयले वातावरण संरक्षणका लागि बृक्षारोपण कार्यक्रम गरेका थिए ।

झुवानी सामुदायिक पुस्तकालयले युवा कार्यक्रम केन्द्रित बिषयका जानकारीमूलक सूचनालाई सामाजिक सञ्जाल र स्थानीय संचार माध्यममार्फत समुदायका पुऱ्याउने काम गरेका थिए ।

# ज्ञानोदयले दियो एक महीनाको सटर भाडा छूट

ज्ञानोदय सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्र कोहलपुर बाँकेको दिगो आम्दानीको स्रोतका लागि पुस्तकालयका सटर भाडामा लगाउँदै आएको छ ।

व्यापारीहरूले कोभिड-१९ को जोखिम तथा नेपाल सरकारले जारी गरेको लकडाउनको पालना गर्दै आफ्नो व्यवसाय बन्द गरेका हुन् । कोरोनाभाइरसका कारण बजार पूर्ण रूपमा बन्द हुँदा सटर भाडामा लिएर व्यवसाय संचालन गर्दै आएका व्यवसायीहरू मर्कामा परेका छन् ।

बन्दबाट व्यापारीलाई परेको प्रभावलाई ध्यानमा राखी पुस्तकालय व्यवस्थापन समितिले एक महीनाको भाडा छूट दिने निर्णय गरेको छ । समितिको बैठकले पुस्तकालयका तीनवटा सटर भाडामा लिएर व्यवसाय संचालन गरेका व्यापारीहरूलाई प्रति सटर २५ हजारका दरले ७५ हजार रूपैयाँ छुट दिने निर्णय गरेको हो ।

पुस्तकालयको निर्णयबाट आफूहरूलाई केही राहत भएको भन्दै व्यवसायीहरूले सो निर्णयको स्वागत गरेका छन् ।



# लघु अनुदान परियोजना
# पुस्तकालयको नमूना योगदान

**रिड नेपालले यस्ता व्यक्तिका लागि पुस्तकालयहरूमार्फत समुदायमा राहत वितरण गर्न २८ वटा पुस्तकालयलाई २५ हजारका दरले आर्थिक सहयोग गरेको छ ।**

विश्व महामारीको रूपमा कोरोनाभाइरस (कोभिड-१९) को गम्भीर असर र चुनौतीको सामना नेपालीले पनि गर्नु परेको छ । यस महामारीबाट बच्न र रोकथामको लागि नेपाल सरकारले ११ चैत २०७६ देखि चरणबद्ध लकडाउन गरेको थियो । उक्त लकडाउनमा समेत कोभिड-१९ बाट बच्न सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूले विभिन्न क्रियाकलाप गर्दै आएका छन् ।

तिनैमध्येका सामुदायिक पुस्तकालयहरूले पनि कोभिड-१९ (कोरोनाभाइरस) बाट बच्न सचेतना, राहत वितरण तथा सूचना प्रदान गर्ने जस्ता योगदान समुदायमा पुऱ्याउँदै अएका छन् । ग्रामीण शिक्षा तथा विकास (रिड) नेपाल मात्र होइन, रिड नेपालको सहयोगमा सञ्चालित देशभरका पुस्तकालयले पनि कुनै न कुनै योगदान पुऱ्याएका छन् ।

रिड नेपालले थप गम्भीरताका साथ कोरोनाभाइरस (कोभिड-१९) तथा विभिन्न विपद्का वेला उच्च जोखिममा सीमान्तकृत समुदाय वा वर्गको हितमा काम गर्दै आएको छ । दैनिक ज्याला मजदूरी गर्ने व्यक्ति, इँटा भट्टामा काम गर्ने मजदूर, अपाङ्गता भएका व्यक्ति, बालबालिका, गर्भवती महिला र ज्येष्ठ नागरिकहरूलाई लक्षित गरी पुस्तकालयहरूमार्फत समुदायमा राहत वितरण गरिएको छ । त्यसका लागि रिड नेपालले २८ वटा पुस्तकालयलाई रू.२५ हजारका दरले आर्थिक सहायता गरेको छ । यसबाट संकटको समयमा पुस्तकालयले कोभिड-१९ का कारण समस्या भेलेका समुदायमाझ उदाहरणीय काम भएको समुदायका सदस्यहरूले अनुभव गरेका छन् ।

## कमला सामुदायिक पुस्तकालय

सिन्धुलीको कमलामाई नगरपालिकामा रहेको कमला सामुदायिक पुस्तकालयले रिड नेपालको सहयोगमा कोभिड-१९ का कारण समस्या भेलिरहेको अवस्थामा सामुदायिक लघु अनुदान परियोजना संचालन गरेको छ । गत साउन २७ गते रिड नेपालको सहयोगमा पुस्तकालयको नजिकमा रहेको शैलशिखर अनाथालयमा सहयोग गरेको थियो ।



रिड नेपालको सहयोगमा सो अनाथालयमा खानेपानीको ट्याङ्कीमा खुट्टाले दबाएर हात धुन मिल्ने र हात धुने साबुन आउने तथा खुट्टाले दबाएरै स्यानिटाइजर लगाउन सकिने व्यवस्था गरिएको छ ।

त्यसक्रममा अनाथालयका बालबालिकालई साबुनपानीले प्रभावकारी ढंगबाट हात धुन पनि सिकाइएको थियो । उक्त अनाथालयमा हाल २७ जना बालबालिका छन् । कार्यक्रममा ती बालबालिकासहित वडाध्यक्ष तथा पुस्तकालय व्यवस्थापन समिति, कर्मचारी तथा सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमका सहभागीहरूलाई माक्स समेत वितरण गरिएको थियो।

अनाथालय हातामा पुस्तकालयले १००० लिटरको ट्याङ्की, ट्याङ्की निप्पल, सकेट, वास पाइप, एउटा ट्याङ्की स्ट्याण्ड, एउटा धारा, प्राइमर इनामेल, पेन्टिङ, दुई वटा स्यानिटाइजर, दुई वटा साबुन र ५० वटा माक्स हस्तान्तरण गरेको थियो ।

## संगम सामुदायिक पुस्तकालय

कोभिड-१९ को समस्या भेलिरहेका समुदायमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नं १२ को त्रियुगा वैदिक गुरूकुल (विद्यालय) त्रियुगामा गत साउन २६ गते विभिन्न सामग्री हस्तान्तरण गरिएको छ ।

पुस्तकालयले १० थान रिडिङ टेबल, १२ थान चकटी, ३५ थान पुस्तक, दुई बोतल स्यानिटाइजर, १०० वटा माक्स र एक दर्जन हातधुने साबुन प्रदान गरिएको थियो । समुदायको




रू.१५ हजार र रिड नेपालको रू.२५ हजार गरी रू.४० हजारको सामग्री वितरण गरिएको थियो ।

विद्यार्थीहरूले पढ्ने पुस्तक नपाइएकाले एउटै पुस्तकलाई फोटोकपी गरी ब्यान्डिङ समेत गरेर प्रदान गरिएको थियो । ती पुस्तक भारतबाट ल्याउनुपर्ने भएकोले हाल कोभिड-१९ ले लकडाउन तथा अन्य समस्या रहेको छ । वैदिक गुरूकुलमा हाल ३४ जना विद्यार्थी अध्ययनरत छन् ।

## विद्यामन्दिर सामुदायिक पुस्तकालय

रिड नेपालको सहयोगमा बाग्लुङ विद्यामन्दिर सामुदायिक पुस्तकालयले कोभिड-१९ को समस्या भेलिरहेका समुदायमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत अतिविपन्न परिवारलाई खाद्यान्न राहत वितरण गरिएको छ ।

गत साउन २९ गते आयोजित कार्यक्रममा फोहोर संकलन गर्ने, गिट्टी कुट्ने र दैनिक ज्यालादारी गर्दै आएका २० परिवारका लागि राहत वितरण गरिएको थियो । राहतका लागि रिड नेपालबाट रू.२५ हजार सहयोग भएको थियो भने पुस्तकालयबाट रू.१० हजार अनुदान प्रदान गरिएको थियो ।

प्रति घर परिवार २५ केजी चामल, तीन केजी दाल, एक केजी नून, दुई केजी चिनी, तीन केजी चिउरा र दुई वटा साबुन (लुगा धुने र नुहाउन) वितरण गरिएको थियो । बाग्लुङ नगरपालिका वडा नं १ को कालीगण्डकी नदीको बालुवा गिट्टी



उत्खनन् तथा कवाडी संकलन क्षेत्रमै राहत वितरण गरिएको थियो । ज्येष्ठ नागरिकहरू भएको परिवारलाई पुस्तकालयबाटै राहत प्रदान गरिएको थियो । २० घरमध्ये अपाङ्गता भएका दुई जना, गर्भवती एक जना, मिर्गौला रोगी एक जना, ज्येष्ठ नागरिक दुई जना र बालबालिका समेत थिए ।

राहत वितरण कार्यक्रममा पुस्तकालयका अध्यक्ष रामप्रसाद शर्मा, वडाध्यक्ष, स्थानीय सरोकारवालालगायतको उपस्थिति रहेको थियो ।

## बाँसगढी सामुदायिक पुस्तकालय

रिड नेपालको सहयोगमा कोभिड-१९ बाट समस्या भेलिरहेका समुदायमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत अतिविपन्न परिवारका लागि बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोतकेन्द्रले राहत वितरण गरेको छ ।

बाँसगढी नगरपालिकाको वडा नं.२, ३, ४, ५ र ६ भित्रका २० घरपरिवारका लागि राहत वितरण गरिएको थियो ।

राहतमा चामल २५ केजी, दाल दुई केजी, तेल एक लिटर, नून एक केजीका दरले तयार पारिएको सामग्री सेट २० परिवारलाई




वितरण गरिएको थियो । राहत पाउने २० घरमध्ये पाँच घर दलित, ९ घर जनजाति र ६ घर ब्राह्मण-क्षेत्री थिए । जसमध्ये दुई जना अपाङ्गता भएका, चार जना गर्भवती, तीन जना एकल महिला र पाँच जना ज्येष्ठ नागरिक थिए । राहत खरीदमा खर्च गरिएको रू.३४ हजार ४४० मध्ये रिड नेपालको रू.२५ हजार तथा पुस्तकालयका तर्फबाट रू.९ हजार ४४० उपलब्ध गराइएको थियो ।

## दीपशिखा सामुदायिक पुस्तकालय

कोभिड-१९ का कारण समस्या भेलिरहेका समुदायमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत कास्की जिल्लाको लेखनाथ नगरपालिकामा रहेको राधाकृष्ण वृद्धाश्रमका १८ जना ज्येष्ठ नागरिकलाई राहत वितरण गरिएको छ ।

गत साउन ३२ गते आयोजित कार्यक्रममा दीपशिखा सामुदायिक पुस्तकालयका तर्फबाट राहत वितरण गरिएको थियो ।

राहतमा चामल १२५ केजी, तेल १२ लिटर, दाल १० केजी, चिनी १० केजी, साबुन एक कार्टुन, चिया दुई केजी, आलु १० केजी, नून १० केजी, चना १० केजी, पीठो पाँच केजी वितरण




गरिएको थियो । राहत लिनेमा पाँच जना पुरूष तथा १३ जना महिला थिए ।

राहत खरीदमा भएको रू.२७ हजार १० खर्चमध्ये रिड नेपालको तर्फबाट रू.२५ हजार तथा पुस्तकालयको तर्फबाट रू.२ हजार १० उपलब्ध गराइएको थियो ।

## ज्ञानोदय सामुदायिक पुस्तकालय

रिड नेपालको सहयोगमा कोभिड–१९ का कारण जोखिममा रहेका र समस्यामा परेका सीमान्तकृत समुदायमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत राहत वितरण गरिएको छ ।

गत भदौ १३ गते आयोजित कार्यक्रममा दैनिक ज्यालादारी गर्ने, अपाङ्गता भएका, गर्भवती परिवारलाई बाँकेको ज्ञानोदय सामुदायिक पुस्तकालयका तर्फबाट राहत वितरण गरिएको थियो ।

राहत पाउनेमा कोहलपुर नगरपालिका वडा नं. २, ११, १०, ८, १४, १२ र ७ का १४ घरपरिवार छन् । यीमध्ये एकजना गर्भवती, एकजना मिर्गौला पीडित, ९ जना अपाङ्गता भएका व्यक्ति थिए ।



पुस्तकालयले राहतस्वरूप एक परिवार बराबर २५ केजी चामल, दुई लिटर तेल, तीन केजी दाल, दुई केजी नून, पाँच वटा मास्क र १०० एमएल स्यानिटाइजर वितरण गरिएको थियो । कोहलपुर नगरपालिकाका मेयर लुटबहादुर रावतको प्रमुख आतिथ्यतामा भएको राहत वितरण कार्यक्रम केही परिवारलाई घरमै प्रदान गरिएको थियो । राहतका लागि रिड नेपालले रू.२५ हजार तथा समुदायका तर्फबाट रू.२ हजार ३०० सहयोग भएको थियो ।

## दिव्य ज्योति सामुदायिक पुस्तकालय

कोभिड–१९ का कारण समस्या झेलिरहेका समुदायमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत रिड नेपालको सहयोगमा अतिविपन्न परिवारलाई राहत वितरण गरिएको छ ।

गत साउन ३१ गते आयोजित कार्यक्रममा २५ घरपरिवारलाई राहत वितरण गरिएको थियो । राहत पाउनेमा पाँच जना गर्भवती थिए । उनीहरूलाई ३० वटा अण्डा, दुई वटा साबुन, एउटा हर्लिक्स दिइएको थियो ।

यसैगरी एकजना सुत्केरीलाई ३० वटा अण्डा, एउटा हर्लिक्स, एउटा ल्याक्टोजिन, १० केजी चामल, दुई केजी नून, तीन लिटर तेल, दुई केजी दाल, दुई वटा साबुन प्रदान गरिएको थियो ।

अपाङ्गता भएका एकजना बालकलाई जुस र एउटा हर्लिक्स,



गरीब परिवारका बालबालिका पाँच जनालाई चार प्याकेट बिस्कुट, दुई केजी चिउरा, दुई प्याकेट दालमोट र दुई वटा साबुन दिइएको थियो । दुई जना विद्यार्थीलाई दुई दर्जन कापी, एक दर्जन सिसा, ६ थान इरेजर, ६ थान पेन्सिल कटर, दुई प्याकेट बिस्कुट, दुई केजी चिउरा, दुई वटा साबुन दिइएको थियो । एकजना ज्येष्ठ नागरिकलाई हर्लिक्स एक प्याकेट, सेवई एक प्याकेट, एउटा जुस र दुई वटा साबुन दिइएको थियो । यसैगरी, १२ परिवारलाई १० केजी चामल, दुई केजी दाल, दुई लिटर तेल, दुई केजी नुन र साबुन दुई वटा राहत दिइएको थियो ।

## मोती सामुदायिक पुस्तकालय

रिड नेपालको सहयोगमा समुदायमा लघु अनुदान परियोजनाअन्तर्गत पर्वत जिल्लाको मोती सामुदायिक पुस्तकालयले कोभिड–१९ को महामारीमा बढी समस्यामा परेका सीमान्तकृत, सहाराविहीन,



अपाङ्गता तथा ज्येष्ठ नागरिक र दैनिक श्रम गर्ने श्रमिकका लागि राहत वितरण गरेको छ ।

गत साउन २७ गते कृष्ण जन्माष्टमीको अवसर पारेर रिड नेपाल, मोती सामुदायिक पुस्तकालय तथा राष्ट्रिय वाणिज्य बैंकको सहकार्यमा रू.५० हजार ६६७ बराबरको राहत वितरण गरिएको थियो ।

मोती सामुदायिक पुस्तकालयको व्यवस्थापनमा रिड नेपालले रू.२५ हजार, मोती सामुदायिक पुस्तकालयको रू.२० हजार ६६७ तथा राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखाले रू.५ हजार सहयोग गरेका थिए ।

फलेवास नगरपालिका वडा कार्यालय खानीगाउँ, वडा कार्यालय देवीस्थानसँगको समन्वयनमा पुस्तकालय सञ्चालक



समिति, पुस्तकालय कर्मचारीको संयुक्त बैठकद्वारा राहत सेवाग्राहीको नाम छनोट गरिएको थियो । विपन्न परिवारमा पाँच जना अपाङ्गता भएका, एकजना गर्भवती, तीनजना एकल महिला र एकजना ज्येष्ठ नागरिक गरी १३ परिवारलाई राहत वितरण गरिएको थियो ।

पुस्तकालयले चामल ४० केजी, नून दुई केजी, एक लिटर तेल, मसला एक पोका, नुहाउने साबुन एक पोका, दाल एक केजी, चिनी एक केजी, परिवारको संख्या अनुसार मास्क तथा एउटा स्यानिटाइजर वितरण गरिएको थियो ।

## लेखनाथ सामुदायिक पुस्तकालय

रिड नेपालको सहयोगमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत लेखनाथ सामुदायिक पुस्तकालय निक्लाजुङ गाउँपालिका मोरङले कोभिड-१९ संक्रमणका बेला समस्या झेलिरहेका सीमान्तकृत, मजदूर, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि राहत वितरण गरेको छ ।

गत साउन २४ गते आयोजित कार्यक्रममा १० घर परिवारलाई राहत वितरण गरिएको थियो । प्रेसर कुकर (९ थान) थर्मस (१ थान) इलेक्ट्रिक जग (१ थान) २५ केजीको ९ बोरा चामल, ९ केजी मुसुरको दाल, एक कार्टुन सूर्यमूखी तेल, १३ थान मास्क, एक बोरा आयो नून वितरण गरिएको थियो । यी सामान खरीदका लागि समुदायको तर्फबाट



रू.६ हजार तथा रिड नेपालको तर्फबाट रू.२५ हजार सहयोग जुटाइएको थियो ।

## तामाकोशी सामुदायिक पुस्तकालय

रिड नेपालको सहयोगमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत रामेछाप जिल्लाको तामाकोशी सामुदायिक पुस्तकालयका तर्फबाट कोभिड-१९ बाट अति प्रभावितका लागि राहत सामग्री वितरण गरिएको छ ।

गत भदौ १ गते आयोजित कार्यक्रमका बीच दैनिक ज्यालादारी गर्ने, होटलमा भाडा माझ्ने, गिट्टी कुट्ने, स्थानीय बजारमा भारी बोक्नेमध्ये १४ घरपरिवारलाई राहत वितरण गरिएको हो । जसमध्ये एक जना अपाङ्ता भएका व्यक्ति थिए ।



एक घरपरिवार बराबर २५ केजी चामल, दुई किलो दाल, एक लिटर तेल र एक किलो चिनी वितरण गरिएको थियो । राहतमा खर्च भएको रू.२७ हजार ३०० मध्ये रू.२ हजार ३०० समुदायको योगदान रहेको थियो भने बाँकी रिड नेपालका तर्फबाट सहयोग गरिएको थियो ।

## चतुर्भुजेश्वर सामुदायिक पुस्तकालय

कोभिड-१९ को महामारीका कारण धेरै समस्या झेलिरहेका सीमान्तकृत समुदायमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत



*चतुरभुजेश्वर सामुदायिक पुस्तकालय ।*

रिड नेपालको सहयोगमा अतिविपन्न परिवारका लागि राहत वितरण गरिएको छ ।

गत साउन २८ गते आयोजित कार्यक्रममा स्थानीय १२ घर परिवारलाई आर्थिक सहयोग गरिएको थियो । १२ परिवारमध्ये दुई जना अपाङ्गता भएका, एकजना गर्भवती, तीन जना ज्येष्ठ नागरिक र अन्य मजदूरहरू रहेका थिए । पुस्तकालयले परिवारको अवस्था हेरी रू.१ हजारदेखि रू.५ हजारसम्म आर्थिक सहयोग गरेको थियो ।

## जनसेवा सामुदायिक पुस्तकालय

खोटाङ जिल्लाको जनसेवा सामुदायिक पुस्तकालयमार्फत दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका वडा नं. १२ मा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत कोभिड-१९ बाट अति प्रभावितका लागि राहत सामग्री वितरण गरिएको छ ।

गत साउन ३१ गते आयोजित कार्यक्रममा दैनिक ज्यालादारी गर्ने, बुवाआमा नभएका, आफन्तका घरमा बसोबास गर्ने, विद्यालय होस्टलमा बस्ने ३० जना विद्यार्थी बालबालिकालाई विद्यालय पोशाक वितरण गरिएको थियो ।

ती बालबालिकामध्ये ९ जना अभिभावकविहीन र विद्यालय होस्टेलमा बस्ने गरेका छन् । यसरी पोशाक पाउनेमा ८ जना अपाङ्गता भएका बालबालिका छन् । यस कार्यक्रमका लागि रिड नेपालले रू.२५ हजार सहयोग गरेको थियो भने पुस्तकालयबाट रू.६ हजार र स्थानीय विद्यालयका शिक्षक तथा पुस्तकालयका सचिव बमबहादुर राईका तर्फबाट रू.१४५०, सहसचिव दिलबहादर राईबाट रू.१३०० र जाल्पा उच्च माविका प्राचार्य शम्भुप्रसाद राईबाट रू.१३०० गरी रू.४ हजार ५० सहयोग भएको थियो ।



## लक्ष्मीनारायण सामुदायिक पुस्तकालय

रिड नेपाल र लक्ष्मीनारायण सामुदायिक पुस्तकालयको सहयोगमा सामुदायिक लघु परियोजनाअन्तर्गत मर्स्याङ्दी गाउँपालिका वडा नं. ३, लमजुङमा कोभिड-१९ को महामारीबाट प्रभावितहरूलाई पहिरोले घरबारविहीन बनाएपछि तत्कालका लागि राहत उपलब्ध गराइएको छ ।



गत साउन १८ गते पुस्तकालयले प्रति परिवार ३० केजीको एक बोरा चामल, आधा लिटर तेल, एक किलो दाल, दुई किलो आलु, पाँच वटा माक्स वितरण गरिएको थियो ।

राहतका लागि पुस्तकालयको तर्फबाट रू.२० हजार तथा रिड नेपालको तर्फबाट रू.२५ हजार गरी रू.४५ हजार संकलन गरिएको थियो । पहिरोले २१ वटै परिवारको घरमा पूर्ण रूपमा क्षति पुगेको थियो । उनीहरू हाल स्थानीय सामुदायिक जग्गामा टहरा हालेर, विद्यालयमा र सामुदायिक भवनमा बसोबास गरिरहेका छन् ।

## ताकुकोट सामुदायिक पुस्तकालय

रिड नेपालको सहयोगमा सामुदायिक लघु परियोजनाअन्तर्गत गोरखा जिल्लाको ताकुकोट सामुदायिक पुस्तकालयले बारपाक शूलीकोट गाउँपालिका वडा नं ६ मा कोभिड–१९ को महामारीबाट अति प्रभावितहरूलाई राहत वितरण गरेको छ ।

गत साउन ३१ गते आयोजित कार्यक्रममा कोरोनाबाट अति प्रभावित दैनिक ज्यालामजदूरी गर्ने, अपाङ्गता भएका, गर्भवतीसहित १६ घरपरिवारलाई राहत वितरण गरिएको थियो ।



राहतमा ३० केजी चामल, दुई केजी दाल, एक लिटर तेल, दुई केजी नूनको सेट बनाइएको थियो । राहत लिएका परिवारमा ६ जना अपाङ्गता भएका व्यक्तिसमेत थिए । यसैगरी २४ जना बालबालिका, दुई जना एकल महिला, एकजना गर्भवती थिइन् ।

राहत कार्यक्रममा रिड नेपालको तर्फबाट रू.२५ हजार सहयोग भएको थियो भने पुस्तकालयको तर्फबाट रू.७ हजार ८१० । कार्यक्रममा वडाध्यक्षसहित पुस्तकालयका कर्मचारी तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

## सृजना सामुदायिक पुस्तकालय

रिड नेपालको सहयोगमा समुदायमा लघु अनुदान परियोजनाअन्तर्गत कोभिड–१९ को महामारीमा बढी असर परेका सीमान्तकृत समुदायमा राहत वितरण गरिएको छ ।

गत साउन ३१ गते आयोजित कार्यक्रममा ४१ घरधुरीलाई राहत वितरण गरिएको थियो । हरेक परिवारका लागि एउटा



प्लाष्टिक बाटा, पाँच किलो पीठो, एउटा स्यानिटाइजर र पाँच वटा माक्स वितरण गरिएको थियो । राहत पाउनेमध्ये ६ जना अपाङ्गता भएका व्यक्ति थिए ।

## लक्ष्मी स्मृति सामुदायिक पुस्तकालय

लक्ष्मी स्मृति सामुदायिक पुस्तकालयद्वारा संचालित रेडियो स्याङ्जाको वार्षिक उत्सव तथा पुस्तकालयद्वारा स्थापित स्याङ्जा टेलिभिजनको शुभारम्भको अवसरमा रिड नेपालको सहयोगमा सामुदायिक लघु परियोजनाअन्तर्गत पुतलीबजार नगरपालिका वडा नं १ मा कोभिड–१९ को महामारीबाट अति प्रभावितका लागि राहत वितरण गरिएको छ ।

गत भदौ २३ गते आयोजित कार्यक्रममा खासगरी दैनिक ज्यालामजदूरी गर्ने, अपाङ्गता भएका, ज्येष्ठ नागरिक र एकल महिला गरी २५ घरपरिवारलाई राहत वितरण गरिएको थियो । राहत पाउनेमा अपाङ्गता भएका एकजना तथा पाँच जना एकल महिलासमेत थिए ।

राहतमा १२ किलो चामल, एक लिटर तेल, एक किलो नून, दुई किलो दाल, एउटा नुहाउने साबुन तथा १६ वटा सर्जिकल माक्स वितरण गरिएको थियो । राहतका लागि पुस्तकालयको तर्फबाट रू.५ हजार अनुदानसहित ३० हजार बराबरको खाद्यान्न वितरण गरिएको थियो ।

## सौराहा सामुदायिक पुस्तकालय

रिड नेपालको सहयोगमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत वडासँग समन्वय गरी चितवनको सौराहा सामुदायिक पुस्तकालयले कोरोना प्रभावितका लागि राहत सामग्री वितरण गरेको छ ।

गत भदौ २८ गते आयोजित कार्यक्रममा १५ घरपरिवारलाई राहत वितरण गरिएको थियो । राहत लिनेमा एकजना अपाङ्गता भएका, एकजना कोरोना संक्रमित तथा सात जना ज्येष्ठ नागरिकलगायत थिए ।

राहतमा २५ किलो चामल, दुई किलो नून, दुई किलो दाल, दुई लिटर तेल, ८०० ग्राम सोयाविन, दुई वटा नुहाउने साबुन



सौराहा सामुदायिक पुस्तकालय ।

वितरण गरिएको थियो। राहतका लागि पुस्तकालयले अनुदानस्वरूप रू.५ हजार २३० सहयोग गरेको थियो ।

## गौरादह सामुदायिक पुस्तकालय




राष्ट्रिय बाल दिवसको अवसरमा रिड नेपालको सहयोगमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत गौरादह नगरपालिका वडा नं १, २, ३ र ४ मा कोभिड-१९ को महामारीले धेरै असर गरेकाहरूका लागि राहत सामग्री वितरण गरिएको छ ।

गत भदौ २९ गते आयोजित कार्यक्रममा दैनिक ज्यालामजदूरी गर्ने, अपाङ्गता भएका, ज्येष्ठ नागरिक तथा महिला गरी १८ घर परिवारलाई राहत वितरण गरिएको थियो । राहतमा २० किलो चामल, एक लिटर तेल, एक किलो नून, एक किलो मसुरोको दाल, २०० ग्राम बेसार राखिएको गरियो ।

## जनकल्याण सामुदायिक पुस्तकालय

रिड नेपालको सहयोगमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत इलाम जिल्लाको इलाम नगरपालिका वडा नं.४ र ५ मा समन्वय गरी कोभिड-१९ को महामारीले धेरै असर गरेकाहरूका लागि राहत सामग्री वितरण गरिएको छ ।

गत भदौ ३० गते आयोजित कार्यक्रममा दैनिक ज्यालामजदूरी गर्ने, अपाङ्गता भएका, ज्येष्ठ नागरिक तथा महिलासहित २७ घरपरिवारलाई राहत वितरण गरिएको थियो ।

राहतमा ३० किलो चामल, एक लिटर तेल, दुई किलो नून,



एक किलो दाल, दुई प्याक साबुन र पाँच वटा माक्स राखिएको थियो । राहतका लागि रिड नेपालले रू.२५ हजार सहयोग गरेको थियो भने पुस्तकालयका तर्फबाट रू.२७ हजार गरी रू.५२ हजार बराबरको खाद्यान्न वितरण गरिएको थियो ।

## म्याग्दी सामुदायिक पुस्तकालय

रिड नेपालको सहयोगमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत म्याग्दी जिल्लाको बेनी नगरपालिका वडा नं. ६, ५, र ७, मा समन्वय गरी कोभिड-१९ को महामारीले धेरै असर गरेकाहरूका लागि राहत सामग्री वितरण गरिएको छ ।

गत भदौ १५ गते आयोजित कार्यक्रममा दैनिक ज्यालामजदूरी गर्ने, अपाङ्गता भएका, ज्येष्ठ नागरिक तथा महिला गरी पाँच घरपरिवारलाई राहत वितरण गरिएको थियो ।

## शिवशक्ति नवदुर्गा सामुदायिक पुस्तकालय

रिड नेपालको सहयोगमा सामुदायिक लघु अनुदान परियोजनाअन्तर्गत नवलपुर जिल्लाको कावासोती नगरपालिका वडा नं. १५ सँग समन्वय गरी कोभिड-१९ को महामारीबाट प्रभावितका लागि राहत सामग्री वितरण गरिएको छ ।

गत साउन २४ गते आयोजित कार्यक्रममा दैनिक ज्यालामजदूरी गर्ने, अपाङ्गता भएका, ज्येष्ठ नागरिक तथा महिलाहरू गरी २६ घरपरिवारलाई राहत वितरण गरिएको थियो । राहत पाउनेमा १७ जना पुरूष र ९ जना महिला थिए ।

राहतमा १५ किलो चामल, आधा लिटर तेल, एक किलो नून, एक किलो दाल र एउटा साबुन राखिएको थियो । राहत वितरण कार्यक्रमका लागि रिड नेपालको रू.२५ हजार सहयोग थियो ।

## रामेश्वर सामुदायिक पुस्तकालय

चितवन जिल्लाको रामेश्वर सामुदायिक पुस्तकालयले रिड नेपालको सहयोगमा समुदायमा लघु अनुदान कार्यक्रमअन्तर्गत विद्यार्थीहरूलाई स्टेशनरी सामान वितरण कार्यक्रम सम्पन्न गरेको छ ।

गत असोज २३ गते पुस्तकालयमा आयोजित कार्यक्रमका बीच विद्यार्थीलाई स्टेशनरी सामान वितरण गरिएको थियो । भरतपुर महानगरपालिका वडा नं.२ मा रहेका सीमान्तकृत परिवारका २१ जना विद्यार्थीलाई स्टेशनरी सामान वितरण गरिएको हो ।

स्टेशनरी सामान पाउनेमा ९ जना छात्र र १२ जना छात्रा थिए । यस कार्यक्रममा यसै वडाका वडाध्यक्ष, टोल विकास संस्थाका अध्यक्ष, पुस्तकालय व्यवस्थापन समिति सदस्य, उपसमिति सदस्य, स्थानीय तथा पुस्तकालय कर्मचारीहरूको उपस्थिति थियो । राहतका लागि रिड नेपालको तर्फबाट रू.२५ हजार सहयोग

गरिएको थियो भने पुस्तकालयको तर्फबाट रू.६ हजार ६९५ सहयोग भएको थियो ।

## जनचेतना सामुदायिक पुस्तकालय

जनचेतना सामुदायिक पुस्तकालय, कैलालीले रिड नेपालको सहयोगमा समुदायमा लघु अनुदान कार्यक्रमअन्तर्गत सीमान्तकृत घरपरिवारलाई राहत वितरण कार्यक्रम सम्पन्न गरेको छ ।

गत कात्तिक २२ गते पुस्तकालयमा आयोजित कार्यक्रमका बीच राहत सामग्री वितरण गरिएको हो । गोदावरी नगरपालिका वडा नं. ६, ८ र धनगढी ११ मा रहेका सीमान्तकृत ११ घरपरिवारलाई राहत वितरण गरिएको थियो । राहत लिनेमा पाँच जना पुरूष र ६ जना महिला थिए ।

५० केजी चामल, तेल दुई लिटर, नून एक केजीका दरले राहत सामग्री वितरण गरिएको थियो। राहतका लागि रिड नेपालको तर्फबाट रू.२५ हजार सहयोग गरिएको थियो ।

## टरौली सामुदायिक पुस्तकालय

चितवनको टरौली सामुदायिक पुस्तकालयले रिड नेपालको



सहयोगमा समुदायमा लघु अनुदान कार्यक्रमअन्तर्गत सीमान्तकृत परिवारलाई राहत वितरण गरेको छ ।

गत कात्तिक ६ गते पुस्तकालयमा आयोजित कार्यक्रमका बीच राहत सामग्री वितरण गरिएको थियो । राहत पाउनेमा रत्ननगर नगरपालिका वडा नं. ५ मा रहेका सीमान्तकृत ३१ घरपरिवार थिए । पुस्तकालयले राहतका रूपमा १५ किलो चामल, एक पोका नून, एक पोका तेल, एक किलो दाल, एक प्याकेट मसला, दुई किलो आलु र तीनवटा साबुन वितरण गरेको थियो । राहतका लागि रिड नेपाल र पुस्तकालयको तर्फबाट रू.३८ हजार ९५३ सहयोग गरिएको थियो ।

## प्रगतिनगर सामुदायिक पुस्तकालय

नवलपुर जिल्लाको प्रगतिनगर सामुदायिक पुस्तकालयले रिड नेपालको सहयोगमा समुदायमा लघु अनुदान कार्यक्रमअन्तर्गत सीमान्तकृत परिवारलाई राहत वितरण गरेको छ ।


गत कात्तिक ११ गते पुस्तकालयमा आयोजित कार्यक्रमका बीच देवचुली नगरपालिका वडा नं. ११ मा रहेका सीमान्तकृत २५ घरपरिवारलाई राहत वितरण गरिएको थियो । राहत लिनेमा १९ जना पुरूष र ६ जना महिला थिए ।

राहतमा १२.५ किलो चामल, एक पोका नून, एक पोका तेल, एक किलो दाल राखिएको थियो । राहतका लागि रिड नेपाल र पुस्तकालयको तर्फबाट रू.२५ हजार ५०० सहयोग भएको थियो ।

## कोभिड-१९ को महामारी सर्वेक्षणः

# दैनिक ज्यालादारी गर्ने ९० प्रतिशतले गुमाए काम र दाम

दैनिक ज्याला मजदूरी गरेर परिवार धान्दै आएका ९० प्रतिशत नागरिकले कोभिड-१९ पछि सरकारले गरेको लकडाउनका कारण काम र दाम गुमाउनु परेको एक अनुसन्धानले देखाएको छ ।




रिड नेपालको सहयोगमा कोभिड-१९ को महामारीका बेला पुस्तकालय वरिपरिको सीमान्तकृत समुदायमा परेका असरबारे गरिएको एक अध्ययनले यस्तो देखाएको हो ।

सर्वेक्षणमा सहभागी २२ हजार ७६० जनामा ५१ प्रतिशत महिला र ४९ प्रतिशत पुरूष थिए । दैनिक ज्यालादारी गर्ने २ हजार ७७९ जनामध्ये ९०.८ प्रतिशतले काम र दाम दुवै गुमाउनु परेको बताएका छन् ।

लकडाउनका बेला दैनिक ज्याला मजदूरी मात्र होइन, कार्यालय जान, सामग्री किन्न जान, कृषि तथा अन्य कार्यमा जान नसकेको सहभागीहरूले बताएका थिए । यसैगरी विद्यालय बन्दका कारण विद्यार्थीको पढाइ विद्यालयमार्फत हुन नसकेको पाइएको थियो ।



### यसरी गरिएको थियो सर्वेक्षण

*१४ जिल्लामा रहेका १८ वटा सामुदायिक पुस्तकालयमा सर्वेक्षण गरिएको थियो । पुस्तकालयहरूले आफ्नो समुदायका दुई सीमान्तकृत समुदाय छुट्याएका थिए । विशेषगरी दैनिक ज्याला मजदूरी गर्ने समुदायमा सर्वेक्षण गरिएको थियो । सर्वेक्षणका लागि प्रत्येक पुस्तकालयबाट ६ जना स्वयंसेवक खटिएका थिए । उनीहरूलाई स्मार्ट फोनबाट सर्वेक्षण गर्न सकिने कोबोकलेक्ट एप्स तथा सर्वेक्षण विधिबारे अभिमुखीकरण गरिएको थियो ।*

*सर्वेक्षण गर्दा पुस्तकालय क्षेत्रमा लकडाउन र कुनै क्षेत्रमा सामान्य रहेको परिस्थितिमा गरिएको थियो । जसले गर्दा सर्वेक्षणमा सहभागी स्वयंसेवकले घरबाटै र नजिकको छिमेकमा गएर गरेका थिए ।*

*सर्वेक्षण पश्चात् रिड नेपालले प्रतिवेदन तयार गरी पुस्तकालयमा समेत पठाएको छ । अनुसन्धान प्रतिवेदन पुस्तकालयले सम्बन्धित स्थानीय सरकारलाई हस्तान्तरण गरेका छन् ।*

# स्वतन्त्र जीवनको आधार चिन्ता र डररहित जीवनशैली

बद्री कार्की

जीवन अनिश्चितताले भरिएको छ । भोलि के हुन्छ थाहा हुँदैन । धेरै व्यक्तिले भविष्यलाई सम्झेर वर्तमानलाई बिगार्दैछन् । एक वर्षअघि कोरोना भाइरसको बारेमा थाहा थिएन तर वर्तमानमा सम्पूर्ण विश्व यसको शिकार भइरहेको छ । डर र चिन्ता भनेको तपाईंको सफलतामा बाधक कुराहरू हुन् । भविष्य जोखिम लिनेहरूको हो, सुरक्षा खोजी गर्नेहरूलाई होइन । विकल्प र नतिजामा ध्यान दिएर, तपाई ठूलो चित्रको दृष्टि हराउन सक्नुहुन्छ । तनाव, उदासी र चिन्ता डरको प्रमुख परिणाम हुन् ।

एउटा अनुसन्धानले भन्छ कि डर, चिन्ता, घृणा र स्वार्थ नै धेरै बिमारीको कारण थियो । मनोविज्ञान तथ्य भन्छ, ५० प्रतिशत बिरामीले आफैंलाई उपचार गर्न सक्दछन् यदि उनीहरू 'डर' र 'चिन्ता' बाट मुक्त भएमा । धेरै मानिस असफलताको डरमा छन् । त्यहाँ कुनै हारको मात्र सिकाइ छैन । त्यहाँ कुनै असफलताको मात्र अवसर हुँदैन, सफलताको पनि हुन्छ । त्यहाँ कुनै समस्या मात्र छैन समाधान पनि छन् । त्यसैले मेरो लागि असफलता सफलताको आमा हो । माइकल जोर्डन बास्केट बल टीमबाट कटौती भए जब उनी नवौं कक्षामा थिए, यदि त्यतिखेर छनोट भएको भए अहिलेको विश्व चर्चित जोर्डन हुँदैन थिए । सही दिशामा जानुहोस् । यदि तपाई जहिले जित्नुहुन्छ, तपाई जित्न सजिलो लिनुहुन्छ । यदि तपाईंले ती घाटा, हिटहरू, सबै अप्ठ्यारो खेपेर अगाडि बढ्नुभयो भने तपाईंले अन्ततः जीत पाउनुहुन्छ र त्यो जीत वास्तविक जीत हो ।

> तपाईंको चिन्ता, तनाव, डिप्रेसन, चिन्ताहरू अन्त्य गर्नुस् कम्तीमा एक पटक तपाईंको आशिष गणना गर्ने बानी बनाउनुहोस्। हामी पहिले नै यति धनी भएका छौं कि हामी आफैंको सम्पत्ति हौं जुन हाम्रो लागि करोड भन्दा बढी छ। समस्याहरू आउनेछन्, कठिनाइ आउनेछ, मुद्दाहरू आउनेछन्। यो तपाईंको लागि ठूलो कुरा होइन । चीजहरू ठूलो र खराब हुँदैनन् जस्तो उनीहरू प्रायः देखिन्छन्।

१० डिसेम्बर, १९१४ मा अमेरिकाको न्यू जर्सीको वेस्ट आरेंजमा एउटा ठूलो विस्फोटन भयो । पौराणिक आविष्कारक थामस एडिसनको स्वामित्व रहेको कारखानामा १० भवनहरू आगोले भरेका थिए । थामसका २४ वर्षको छोरा चार्ल्स आएर उनको छेउमा उभिए । चार्ल्सले थामस एडिसनलाई सोधे, "हाम्रो पूरै कारखाना खरानी भयो बुबा ।" थामस एडिसनले पूर्ण आराममा जवाफ दिए, "हो, हाम्रो कारखाना भष्म भइरहेको छ तर हामीले अहिलेसम्म कारखानामा गरेका सबै गल्तीहरू पनि जलेर खरानी भएको छ ।" त्यो साँझ, थामस एडिसनले न्यू योर्कका एक पत्रकारलाई भने, "म ६७ वर्षको भएँ, तर म वरिपरि दगुर्दै अनि आगो नियन्त्रण गर्ने कोशिशबाट थकित छु । भोलि, म फेरि फेरि नयाँ जोश र जाँगरमा थाल्नेछु ।"

प्रायः जीवनले यस्तो चरणमा पुऱ्याउँछ जुन हामीले कहिल्यै चाहँदैनौं । हाम्रो सपना चकनाचूर हुन्छ । हाम्रो आशा टुक्रिएको हुन्छ । हाम्रो प्रयासहरू चकित हुन्छ । महान व्यक्तिहरू कराउँदैनन् । उनीहरू आफ्ना सपनामा पुनर्निर्माण गर्न प्रयास गर्दछन् । महान् व्यक्तिहरू हरेस खाँदैनन्, उनीहरूले ती चुनौतीहरूको सामना गर्छन् जुन जीवनले उनीहरूलाई दिन्छ । तिनीहरू फेरि ठूलो आशाका साथ, ठूलो दृढ संकल्पका साथ, ठूलो धैर्यका साथ फेरि शुरू गर्छन् । त्यसैले तिनीहरू सफलताको उच्च शिखरमा पुग्छन् । जुन प्रायः व्यक्तिको सपना हुन्छ । यसैले म भन्छु यदि कुनै चुनौती छैन भने कुनै सफलता छैन । चिन्ता र डर हुनबाट रोक्नुहोस् र तपाईंको चुनौती थाहा पाउनुहोस् र यो बाहेक, ठूलो अठोट र धिक्कारको साथ अगाडि बढ्नुहोस् तब तपाई स्वचालित रूपमा सफलता पाउनुहुनेछ ।

यदि तपाईंसँग चिन्ताजनक समस्या छ भने, अवस्थाको विश्लेषण गर्नुहोस् । निर्भयता र इमानदारीपूर्वक के हुन सक्छ जुन खराब हुन सक्छ भनेर पत्ता लगाउनुहोस् । मानसिक रूपमा सबैभन्दा खराब सम्भावित नतिजा स्वीकार्नुहोस् ।

रचनात्मक काममा व्यस्त हुनुहोस् । असल र राम्रो कार्य गर्नुहोस् । तपाईंको भावना नियन्त्रण नभए पनि तपाईंको कार्यहरूले नियन्त्रण गर्न सक्दछ । तपाईंको दिन आशयको साथ शुरू गर्नुहोस् । केही गहिरो, आरामदायी सास लिनुहोस् । यसले तपाईंको मार्गमा आउने कुनै पनि निर्णय ह्यान्डल गर्न सजिलो बनाउँदछ । साना निर्णयका लागि, आफूलाई एक मिनेट दिनुहोस् । ठूला व्यक्तिहरूको लागि आफैंमा एक घण्टाको लागि रोज्न प्रयास गर्नुहोस् । प्रत्येक उदाहरणको प्रयोग गरी सिक्नुहोस् र अनुभव प्राप्त गर्नुहोस्, परिणामको पर्वाह नगरी । चिन्ता वा डरले तपाईंलाई रोक्न नदिनुहोस् । तपाईंको दृष्टि स्पष्ट बनाएर अघि बढ्नुहोस् ।

एउटा अनुसन्धानका अनुसार ८५ प्रतिशत चिन्ता कहिल्यै हुँदैन । बाँकी १५ प्रतिशतको ७५ प्रतिशत काम नलाग्ने हुन्छ । ९७ प्रतिशत चिन्ता तपाईंको 'डर' बाहेक केही होइन जसले तपाईंलाई सताउँछ । सबभन्दा रमाइलो पुनःनिर्माण शक्तिहरू एक स्वस्थ धर्म, निद्रा, संगीत र हाँसो हुन् । भगवानमा विश्वास राख्नुहोस् राम्ररी सुत्न, राम्रो संगीत र जीवनको हास्यास्पद पक्षलाई हेर्नुहोस् । यति गर्नुभयो भने स्वस्थ र खुशी हुनुहुन्छ । जनरल आइसनहोरले भने जस्तै गरौं: हामी नचाहेको व्यक्तिको बारेमा सोचेर कहिल्यै एक मिनेट बर्बाद नगरौं । हरेक दिन राम्रो कार्य गर्नुहोस् जसले कसैको अनुहारमा हर्षको मुस्कान राख्दछ । हामी चिन्ता र मूर्ख चीजहरूको डरमा छौं । अबदेखि वर्षौं तपाई अझै पनि यस मुद्दाको बारेमा चिन्ता गर्नुहुन्छ ? यदि होइन भने, अहिले चिन्ता गर्न छोड्नुहोस् ।

*(कार्की कमला सामुदायिक पुस्तकालय सिन्धुलीमा आबद्ध छन् ।)*

विचार

# कोरोनापछिको पुस्तकालय सेवा



यादवचन्द्र निरौला

सभ्यताको प्रारम्भिककालदेखि नै मानिसमा विकास र विनाशका दुवै पाटाहरू समान रूपमा अगाडि बढेको पाइन्छ । औलो, हैजा, क्षयरोग, कुष्ठरोग, बिफरलगायतका विभिन्न रोग पनि मानव सभ्यता सँगसँगै विकास भएका हुन् । इसापूर्व ३ हजार वर्ष अगाडि आएको महामारीले त्यसबेला ठूलो जनधनको क्षति भएको थियो । सामान्यतः हरेक १०० देखि २०० वर्षको अन्तरालमा संसारमा यस्ता किसिमका ठूला महामारीहरू आउने गरेको इतिहास पाइन्छ । १३औं शताब्दीमा फैलिएको प्लेगबाट संसारको कुल जनसंख्याको एक तिहाइले संसारबाट बिदा लिएका थिए । यतिवेलै प्लेगको संक्रमण देखिएका बिरामीलाई समुदायबाट अलग्गै राखिन्थ्यो र जसलाई क्वारेन्टिनो "Quarentino" भनिन्थ्यो ।

सन् १९१८ मा शुरू भएको स्पेनिश फ्लुबाट करीब १० करोड जनसंख्याले मृत्युवरण गर्नु परेको थियो । स्पेनका तत्कालीन राजा तथा अमेरिकाका तत्कालीन राष्ट्रपति उडरो विल्सन समेत प्रभावित भएका थिए भनिन्छ । यस रोगबाट सन् १९१८ देखि १९२० मा तत्कालीन भारतको कुल जनसंख्याको करीब ६ प्रतिशत जनता (करीब १ करोड ८० लाख) ले ज्यान गुमाउनु परेको थियो । त्यस समयमा स्पेनिश फ्लुबाट बच्नका लागि कुनै औषधि थिएन । सन् १९१८ को स्पेनिश फ्लुको समयमा पनि अमेरिकाका डा. थोमस डायर टटल नाम गरेका चिकित्सकले यस विरूद्ध लड्न सामाजिक दूरी कायम गर्नुपर्ने, क्वारेन्टाइनमा बस्नुपर्ने, हात मिलाउन नहुने कुराको सिफारिश गर्दा जागिरबाटै हात धुनु परेको थियो रे ! पछि उनले भनेको कुरा सत्य भएपछि काममा फर्काइएको थियो भनिन्छ ।
सन् २०२० को आगमनसँगै जनवादी गणतन्त्र चीनको वुहान शहरबाट इतिहासको यो त्रासदी दोहोरिएको प्रतीत हुन्छ । सन् २०१९ को बिदाइसँगै शुरू भएको कोरोना (Covid-19) भाइरस यो आलेख तयार पार्दासम्म संसारका लगभग सबै मुलुकमा फैलिइसकेको छ र यो आलेख तयार पार्दासम्म करीब ५ करोड ६६ लाख व्यक्ति संक्रमित भइसकेका छन्, यीमध्ये करीब १३ लाख ६० हजारले ज्यान गुमाइसकेका छन् । करीब चार करोडले यो रोग जितेर घर फर्केका छन् । संसारको सबैभन्दा शक्तिशाली मुलुक अमेरिका यो महामारीको बढी शिकार भएको छ । झण्डै २ लाख ६० हजार नागरिकले ज्यान गुमाउँदा १ करोड १८ लाख ७४ हजार भन्दा बढी संक्रमित भएका छन् । दक्षिणएशियामा सबैभन्दा बढी प्रभावित भारतमा करीब ९० लाख संक्रमित भइसकेका छन् भने १ लाख ३२ हजार जनाको ज्यान गइसकेको छ । जनसंख्याका आधारमा हेर्दा सार्क मुलुकहरूमध्ये नेपालमा ज्यान गुमाउनेको संख्या दोस्रो स्थानमा आइसकेको छ । भूटान मात्र यस्तो दक्षिण एशियाली मुलुक हो जसको मृत्यु यो आलेख तयार पार्दासम्म शून्य छ ।

उल्लिखित पृष्ठभूमिका आधारमा कोभिड-१९ नामको यो कोरोनाभाइरस मानिसबाट मानिसमा सर्ने अत्यन्तै सूक्ष्म जीवाणु भएकाले जुनसुकै उमेर समूहका मानिसमा सर्न सक्ने भएकाले



कालिका कम्युनिटी पुस्तकालय, बर्दिया ।

विश्व स्वास्थ्य संगठनले यसलाई स्पेनिश फ्लु पछाडिकै संसारकै सबभन्दा डरलाग्दो महामारीको रूपमा घोषणा गरिसकेको छ र संसारका सबै मुलुकहरूलाई यस विरूद्ध संयुक्त रूपमा लड्नका लागि आग्रह र सबै मुलुकलाई यसबाट आउन सक्ने संभावित परिणामको मिलेर सामना गर्न पनि अनुरोध गरेको छ । विडम्बना नै मान्नुपर्छ नेपालको प्रजातान्त्रिक इतिहासमा बहुमत प्राप्त तेस्रो र पहिलो बामपन्थी सरकारको सत्ता झिनाझपटीको प्रभाव कोभिड-१९ जस्तो अत्यन्तै संवेदनशील विषयमा समेत प्रत्यक्ष रूपमा परेको र विश्व स्वास्थ्य संगठनको चेतावनीको बेवास्ता भएको प्रतीत हुन्छ ।

**कोभिड-१९ र शिक्षा क्षेत्र**

मानव जीवनका सबै पक्षमा कोरोनाको प्रत्यक्ष प्रभाव परेको छ । कोभिड-१९ संक्रमणको प्रारम्भकालमा संसारका अधिकांश नागरिक आआफ्नै घरमा अथवा कार्यस्थलमा बन्दाबन्दीको अवस्थामा रहे । बन्दाबन्दीको लापरबाही गर्ने मुलुकहरूले यसको बढी मूल्य चुकाउनु परेको उदाहरण अमेरिका र ब्राजिल जस्ता देशलाई लिन सकिन्छ । शुरुमा हवाई यातायात, स्थल यातायातलगायतका सबै खालका यातायातहरू बन्द गरेका मुलुकहरूमा तुलनात्मक रूपमा एकदमै कम क्षति भएको भए पनि लामो समयसम्म बन्दाबन्दीको अवस्थामा कुनै पनि मुलुकको अर्थतन्त्रले धान्न सक्ने अवस्था नहुँदा संसारका सबैजसो मुलुकले बन्दाबन्दी फिर्ता लिएर सामान्य जनजीवनतिर फर्केको अवस्था छ । जाडोको शुरुआतसँगै युरोपियन मुलुकमा यसको प्रकोप फेरि बढ्न थालेको र विभिन्न युरोपेली मुलुकहरूले पूर्व सावधानी अपनाउन थालेका समाचारहरू आइरहेका छन् ।

उल्लिखित तथ्यबाट शिक्षा क्षेत्रका सबै अवयव (विद्यालय, महाविद्यालय, विश्वविद्यालय, पुस्तकालय तथा सूचना सेवाका क्षेत्र, आश्रम, मस्जिद, गुम्बा, मदरसा, चर्च) हरू पनि प्रत्यक्ष रूपमा प्रभावित भए । नेपालकै सन्दर्भलाई हेर्दा पनि करीब ७० लाख विद्यालय जाने उमेरका बालबालिका घरघरमै लामो समयसम्म थुनिए । विद्यालय तथा उच्च शिक्षाको अन्त्यमा

लिइने परीक्षाहरू लामो समयसम्म स्थगित गरिए । विद्यालय तथा शैक्षणिक संस्था भौतिक दूरी कायम गरेर सबै खालका पूर्व सावधानी अपनाएर स्थानीय स्तरमा जोखिमको आकलन गरेर स्थानीय तहले नै सञ्चालनको अनुमति दिनसक्ने नीति सरकारले हालसालै लिएको छ । विश्वविद्यालय तथा विभिन्न तहका परीक्षाहरूको मोडालिटी परिवर्तन गरेर लिइएका छन् । राष्ट्रिय परीक्षा बोर्डले १०० पूर्णाङ्कको परीक्षालाई ४० पूर्णाङ्कमा सीमित गरेर तथा परीक्षार्थीहरूले होम सेन्टरबाटै परीक्षा दिन पाउने गरी सञ्चालन गर्दैछ ।

कोरोनाको महामारीपछि १ भदौदेखि विद्यालय तथा शैक्षणिक संस्थाहरूमा भर्ना अभियान सञ्चालन गर्ने भनिए पनि र नियमित विद्यालयहरू खुल्न भने पनि प्रतीक्षा गर्नु वा पर्खनु र हेर्नुको विकल्प छैन । हरेक वर्ष १५ भदौ विभिन्न कार्यक्रमहरूको आयोजना गरेर सप्ताहभरि भव्य रूपमा मनाइने पुस्तकालय दिवस यस वर्ष भने सामान्य कार्यक्रमको आयोजना गरेर मात्र मनाइयो ।

निश्चित दूरी कायम गरेर खेतबारीमा काम गर्न, वस्तुभाउ चराउन, मेलापर्ममा सहभागी हुन सकिने हुँदा ग्रामीण क्षेत्रमा रहेका अभिभावक तथा बालबालिकालाई तुलनात्मक रूपमा कम प्रभाव पारेको अवस्था छ । शहरमा कोठा भाडामा लिएर बसेका तथा शहरका बासिन्दाले सबैभन्दा कष्टकर अवस्थाको सामना गर्नु परेको छ । काठमाडौं उपत्यकामा संक्रमितको संख्या एकलाख नाघिसकेको सन्दर्भले पनि यसको पुष्टि गर्छ ।

अध्ययन गर्नका लागि पुस्तकालय धाउनुपर्ने परम्परागत सोचमा परिवर्तन आइसकेको छ। पाठकले खोजेको सामग्री मोबाइल, ल्यापटप वा अन्य उपयुक्त विद्युतीय माध्यममार्फत पाठकले चाहेको समयमा सजिलै खोज्न, हेर्न र आफ्नो साधनमा सेभ गरेर राख्न सक्ने समेत अवस्थाको सिर्जना भइसकेको छ।

विद्यालयलगायतका शैक्षणिक संस्था खुल्ने टुंगो नहुँदा अधिकांश बालबालिका तथा विद्यार्थी मोबाइल फोन, टेलिभिजन वा इन्टरनेटमा मात्र केन्द्रित हुँदा अभिभावकको टाउको दुखाइका विषय बनेका छन् । यस्तो असहज अवस्थाबाट केही हदसम्म भए पनि बाहिर निस्कनका लागि नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र यस मातहतका निकायले वैकल्पिक सिकाइमा जोड दिंदै स्थानीय तह तथा प्रदेश सरकारलाई विद्यार्थीमा कुन कुन साधनको पहुँच रहेको छ भनेर अध्ययन गर्न अनुरोध गरेको थियो । जसअनुसार पाँच किसिमका विद्यार्थीको पहिचान भयो । इन्टरनेटसहित, टेलिभिजन, रेडियो, टेलिफोन, एफएम रेडियो, रेडियोलगायतका सबै सुविधा भएका, टेलिभिजन मात्र भएका, रेडियो मात्र भएका, स्मार्ट फोन भएका, सामान्य फोन मात्रको पहुँच भएका र केही पनि नभएका । उल्लिखित आधार अनुसार वैकल्पिक शिक्षण सिकाइलाई अनलाइनबाट, टेलिभिजनबाट, एफएम रेडियोबाट पनि पढ्न, हेर्न, सुन्न मिल्ने गरी पाठहरूको विकास गरी प्रसारण भइरहेको छ । भर्खरै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय पुनः सञ्चालन सम्बन्धी कार्यढाँचा समेत तयार गरी लागू गरेको छ ।

**कोभिड-१९ पछिका पुस्तकालय सेवा**

एकातिर सूचना तथा सञ्चारप्रविधिमा भएको विकासलाई अधिकांश विकसित र विकासशील मुलुकका पुस्तकालयहरूले आत्मसात् गरेका छन् । अध्ययन गर्नका लागि पुस्तकालय धाउनुपर्ने परम्परागत सोचमा परिवर्तन आइसकेको छ । पाठकले खोजेको सामग्री मोबाइल, ल्यापटप वा अन्य उपयुक्त विद्युतीय माध्यममार्फत पाठकले चाहेको समयमा सजिलै खोज्न, हेर्न र आफ्नो साधनमा सेभ गरेर राख्न सक्ने समेत अवस्थाको सिर्जना भइसकेको छ ।

संभवतः नेपाललगायतका केही मुलुकहरू अहिले पनि अपवादका रूपमा रहेका छन् । नेपालकै सन्दर्भलाई हेर्दा औंलामा गन्न सकिने केही पुस्तकालय र विश्वविद्यालय पुस्तकालयहरूले आफ्ना संकलनमा रहेका केही पुस्तक पत्रपत्रिकालगायतका पठन सामग्रीहरूलाई विद्युतीय पुस्तकालयका रूपमा परिणत गरेका छन् । ९५ प्रतिशत पुस्तकालयहरू अहिले पनि परम्परागत ढर्रामै सञ्चालन भएका छन् ।

माथि भनिए जस्तो ९५ प्रतिशत पुस्तकालयहरूलाई विद्युतीकरण गरी आधुनिक विद्युतीय पुस्तकालय सेवा प्रदान गर्न सकिन्छ । यसबाट समयमै पाठ्यपुस्तक विद्यार्थीको हातमा पुर्‍याउन नसकेर सधैं आलोचनाको शिकार सरकार बन्नु पर्दैन । एउटै विद्युतीय पुस्तक लाखौं व्यक्तिले संसारभरबाट एकैचोटि पढ्न सक्ने अवस्थाको सिर्जना हुन्छ भन्ने कुरा कम्तीमा हामी जस्ता भुईमान्छेलाई थाहा भए पनि हाम्रा कुरा कहिल्यै राम्ररी सुनिएन । २०७२ सालको भूकम्पले विद्युतीय पुस्तकालयको थोरै आवश्यकता बोध गराएको थियो । तत्कालीन शिक्षा मन्त्रालयले विद्युतीय पुस्तकालय निर्माण गर्नका लागि आवश्यक पूर्वाधारसहितको अध्ययन गर्न पुस्तकालय स्वचालीकरण योजना, पुस्तकालय गुरुयोजना तथा कुनै पनि बौद्धिक रचनाका स्रष्टादेखि त्यसका सम्पादक, प्रकाशक, वितरक, संरक्षक एवम् अन्तिम उपभोक्तासम्म पुग्दा पार गर्नुपर्ने चरण र त्यसमा संलग्न सबै सरोकारवालाको दायित्व स्पष्ट हुने गरी राष्ट्रिय पुस्तक नीतिको मस्यौदा २०७३ सालमै तयार गरेर शिक्षा मन्त्रालयमा पेश गरेकोमा हाल सो नीति, २०७७ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मन्त्रिपरिषद् समक्ष पेश भइसकेको छ । राष्ट्रिय पुस्तक नीति पारित गरेर कार्यान्वयन गर्ने चरणमा पुग्दा कोभिड-१९ को महामारी पनि शिथिल हुँदै जाला भनेर आशा गर्न सकिन्छ ।

कोरोनाभाइरसले आक्रान्त पारेको यस घडीमा विद्युतीय पुस्तकालयको आवश्यकता र महत्व फेरि एकपटक उजागर भएको छ । अघिल्लो अनुच्छेदमा उल्लेख भए जस्ता भुईमान्छेहरूले धेरै अगाडिदेखि उठाएको यो कुरा बेलैमा सुनिएको भए कम्तीमा घरमै थुनिएका ७० लाख विद्यार्थीले यसको लाभ उठाउन सक्नेथिए । बन्दाबन्दी पछाडि हतार हतार केही त गर्दैछौं है भने जसरी काम गर्नुपर्ने थिएन ।

मुलुक एकल शासन प्रणालीबाट संघीय शासन प्रणालीमा भरखरै गएको र यसको औचित्यमाथि नै प्रश्न उठ्न थालेको सन्दर्भमा कोभिड-१९ महामारीले वास्तवमै सिंहदरबारलाई गाउँगाउँ पुर्‍याइदिएको महसूस भएको छ । भलै यसका थुप्रै चुनौती छन् । तर समयको अन्तरालमा यी सबै समस्या विस्तारै हल हुँदै जानेछन् ।

कोरोना महामारीको यस्तो अवस्थामा संघ, प्रदेश र स्थानीय सरकारले आआफ्नो कार्यक्षेत्रभित्र सुविधासम्पन्न विद्युतीय पुस्तकालयको विकास र विस्तारमा समन्वयात्मक रूपमा अगाडि बढ्न सके भावी दिनमा आउने महामारीसँग जुध्न सहज हुनेछ । कम्तीमा घरमा बन्द भएको अहिलेको जस्तो अवस्थामा के पढ्ने, कहाँ गएर खोज्ने भन्ने कुराको समाधान हुनेछ । सार्वजनिक पुस्तकालय प्रणालीको विकास गर्नका लागि पनि कम्तीमा मुलुकको एक ठाउँमा सबै खालका पठन सामग्रीहरूको पोर्टलसहितको ज्ञान केन्द्र हुनु अपरिहार्य भइसकेको छ । यसतर्फ संघ, प्रदेश सबै स्थानीय तहको ध्यान जानु जरूरी छ ।

जेहोस् हरेक कालो बादलमा चाँदीको घेरा हुन्छ भने जस्तै कोभिड-१९ को यस विश्वव्यापी महामारीका कारण विद्युतीय पुस्तकालयको आवश्यकता र महत्व कम्तीमा देशको नीतिनिर्माण तहमा बस्ने नीतिनिर्माताहरूलाई बोध भएको छ र यस सम्बन्धी केही काम अगाडि बढेको छ । यो विशेषतः नेपालका सबै

खालका पुस्तकालयहरूका लागि शुभ संकेत नै मान्नुपर्छ । नेपाल तथा विश्वका विभिन्न पुस्तकालय, अनुसन्धान केन्द्र, प्रकाशक, विश्वविद्यालयहरूले आफूले प्रकाशन गरेका विभिन्न स्रोत सामग्रीहरू निःशुल्क तथा न्यूनतम शुल्कमा उपलब्ध गराइरहेका छन् ।

कोरोनाभाइरसको यस महामारीका कारण बन्द भएका वा आंशिक रूपमा सेवा पुऱ्याइरहेका विभिन्न पुस्तकालयहरूका लागि यस्ता सामग्रीहरूका माध्यमबाट पुस्तकालय सेवा प्रवाह गर्न सके घरमै बसेर अथवा पठन सामग्रीको अभाव झेलिरहेका पाठक वा सेवाग्राहीका लागि उपयोगी हुने भएकाले नेपालबाट तथा नेपाल बाहिरका केही संस्थाहरूले उपलब्ध गराएका सामग्रीहरूको छोटो जानकारी निम्नानुसार दिइएको छः

- साझा शिक्षा ई-पाटी, नेपाल (Open Learning Exchange Nepal) को अनलाइन पुस्तकालय (pustakalaya.org/) बाट आधारभूत तहदेखि माध्यमिक तहसम्मका विभिन्न विषयका पाठ्यपुस्तक, स्वाध्याय सामग्री, शिक्षक निर्देशिका, पाठ्यक्रमलगायतका सामग्रीहरूको अडियो, भिडियो, विद्युतीय पुस्तक, पत्रपत्रिका तथा विभिन्न सन्दर्भ पुस्तकहरू समेत गरी १० हजारभन्दा बढी सामग्रीहरू अनलाइन तथा अफलाइन माध्यमबाट पढ्न, हेर्न, आफ्नो कम्प्युटरमा सेभ गरेर राख्न समेत सकिने गरी राखिएको छ । यसको अर्को विशेषता भनेको इन्टरनेटको पहुँच नपुगेको स्थानमा समेत स्थानीय सर्भरमार्फत विद्यालय, क्याम्पस वा पुस्तकालय परिसरमा सञ्चालन गर्न सकिन्छ । यसका लागि कुनै ठूलो प्राविधिक ज्ञानको आवश्यकता पर्दैन । कोभिड-१९ को यो त्रासदीको अवस्थामा सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूले यसमा भएका सामग्रीहरू अनलाइन वा अफलाइन माध्यमबाट सेवा प्रवाह गर्न सक्छन् । विस्तृत जानकारी पुस्तकालयको वेबसाइट https://pustakalaya.org/en/about/ बाट प्राप्त गर्न सकिन्छ ।
- पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरको पुस्तकालयः यो पुस्तकालयमा भएका सामग्रीहरू विद्यालय पुस्तकालय, सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूका लागि उपयोगी छन् । विशेष गरेर विद्यालय तहको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि आवश्यक पर्ने पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, स्वाध्याय सामग्री तथा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गरेका अन्य उपयोगी सामग्रीहरू पुस्तकालयको वेबसाइट र http://nepaknol.org.np/cdc/elibrary बाट प्राप्त गर्न सकिन्छ ।
- लेट्स रिड एशिया (Lets read Asia): एशियाली मुलुकहरूमा पठन संस्कृतिको विकास र विस्तार गर्ने उद्देश्यले स्थापना भएको दि एशिया फाउण्डेसनले लामो समयसम्म विभिन्न पुस्तकालयहरूलाई अमेरिकालगायतका विभिन्न मुलुकहरूबाट पुस्तकहरू संकलन गरेर एशियाली मुलुकहरूमा वितरण गर्ने गर्दथ्यो । सन् २०१७ देखि फाउण्डेसनले आधारभूत तहका बालबालिकालाई लक्षित गरी विभिन्न अंग्रेजी तथा अन्य विभिन्न भाषाबाट स्थानीय मातृभाषामा रूपान्तरण गरी लेट्स रिड नामक मोबाइल एप्लिकेसनका माध्यमबाट ३० वटा भन्दा बढी भाषामा तयार पारेका ३ हजारभन्दा बढी बालसाहित्यका पुस्तकहरू निःशुल्क उपलब्ध गराएको छ । नेपालका नेपाली, नेपाल, तामाङ, राना थारू, डगौरा थारूलगायतका विभिन्न भाषामा पुस्तकहरू उपलब्ध छन् । यसका लागि पनि प्ले स्टोरबाट Lets read App download गरी मोबाइलमा सेभ गरी राख्न सकिन्छ ।
- संयुक्त राष्ट्रसंघीय सूचना केन्द्रको विद्युतीय पुस्तकालय (https://un.info.np/) बाट संयुक्त राष्ट्रसंघ र नेपाल सम्बन्धी करीब ११ हजार उपयोगी पुस्तक तथा पत्रपत्रिकाहरूको उपयोग गर्न सकिन्छ । साथै युएनको मोबाइल एप (UN Mobile App) बाट पनि प्राप्त गर्न सकिन्छ ।
- नेपाल सरकारका विभिन्न निकायहरूः नेपाल सरकारका विभिन्न निकायहरूका वेबसाइटहरूबाट उपयोगी सामग्रीहरू प्राप्त गर्न सकिन्छ । उदाहरणका लागि योजना, नीति दस्तावेजहरूका लागि राष्ट्रिय योजना आयोगको वेबसाइट npc.gov.np बाट, तथ्यांक, जनगणना सम्बन्धी सामग्रीहरू cbs.gov.np बाट, राजपत्र सम्बन्धी सूचनाहरू dop.gov.np बाट, शिक्षा सम्बन्धी सामग्रीहरू moe.gov.np, cehrd.gov.np बाट, पुराना ऐन, नियमहरू lawcommission.gov.np बाट प्राप्त गर्न सकिन्छ । यी सामग्रीहरूका माध्यमबाट कोभिड-१९ को कहरबीच पुस्तकालयहरूले प्रभावकारी सेवा प्रवाह गर्न सक्छन् ।
- अनुसन्धानका लागि जीवन (Research for Life, R4L) संयुक्त राष्ट्रसंघीय निकायहरू विश्व स्वास्थ्य संगठन (World Health Organization, विश्व खाद्य तथा कृषि संगठन Food And Agricultural Organization) संयुक्त राष्ट्रसंघीय वातावरणीय कार्यक्रम (United Natinos Environmental Programme) विश्व बौद्धिक सम्पत्ति संगठन (World Intellectual Property Organizatioin), अन्तर्राष्ट्रिय श्रम संगठन (International Labor Organizatioin), कोर्नेल विश्वविद्यालय, येल विश्वविद्यालयको संयुक्त सहकार्यमा संसारका न्यूनतम आय भएका १२० मुलुकहरूका लागि निःशुल्क रूममा तथा मध्य आय भएका मुलुकहरूका लागि वार्षिक १५०० डलरमा उपलब्ध गराउँछ । यसका लागि Research4life को होमपेजमा गएर पुस्तकालय, शैक्षिक संस्था अनुसन्धान केन्द्र आदिको संस्थागत ठेगाना मार्फत प्राप्त गर्न सकिन्छ । कोरोनाको महामारीको यस विषम परिस्थितिमा पुस्तकालयहरूले आफ्नो सेवा प्रभावकारी रूपमा प्रवाह गर्न सक्छन् ।

राष्ट्रिय पुस्तक नीतिको मस्यौदा २०७३ सालमै तयार गरेर शिक्षा मन्त्रालयमा पेश गरेकोमा हाल सो नीति, २०७७ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मन्त्रिपरिषद् समक्ष पेश भइसकेको छ। राष्ट्रिय पुस्तक नीति पारित गरेर कार्यान्वयन गर्ने चरणमा पुग्दा कोभिड-१९ को महामारी पनि शिथिल हुँदै जाला भनेर आशा गर्न सकिन्छ।

**निष्कर्ष**

हरेक सिक्काका दुई पाटा हुन्छन् भने जस्तै हरेक विपत्ति पछि अवसर पनि सिर्जना हुन्छन् । पुस्तकालय जीवनपर्यन्त शिक्षा हासिल गर्ने सबैभन्दा सहज र सुलभ स्थान भए पनि यो क्षेत्र सधैं ओझेलमा परेको थियो । कोभिड-१९ को महामारीले डिजिटल (अनलाइन, भर्चुअल, विद्युतीय) पुस्तकालयको आवश्यकता र महत्वबोध नीति निर्माताहरूमा भएको छ । साथै अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यापारिक प्रकाशन गृह, प्रकाशक, लेखक, संघसंस्थाहरूले उपलब्ध गराएका छन् । यिनीहरूको उपयोग गर्दै प्रभावकारी रूपमा सेवा प्रवाह गर्न सबै पुस्तकालयहरूलाई सक्षम बनाउनु आजको आवश्यकता हो । यसका लागि सरकारी तथा गैरसरकारी संस्थालगायत सबैको सहकार्य अत्यावश्यक छ ।

*(निरौला शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव हुन् ।)*

## SERVING COMMUNITIES IN CRISIS

# READ Centers & the COVID-19 Pandemic



In the wake of the COVID-19 pandemic's devastation to the health, well-being, and opportunity of people across the world, the work of READ Centers is more important than ever. READ's vision – to create safe places to access education and information, with an eye toward empowering rural communities to drive
their own prosperity–is a foundation that can help communities build resilience and work in partnership to emerge from this crisis stronger than ever.

As trusted community institutions, READ Centers' serve a variety of programming areas and were able to quickly adapt to meet these new challenges. Community members turn to their local READ Centers for help addressing a myriad of challenges, from accessing prenatal care, to improving farm yields, to learning how to read, and COVID-19 has been no exception. While most READ Centers have closed their physical premises temporarily to help slow the spread of the virus, Centers are relying on longstanding partnerships, networks, and trusted relationships to continue to serve their communities in new and exciting ways.




## Nepal

To ensure COVID-19 response efforts met the needs of the communities, READ Nepal gathered valuable input from more than 22,000 community members about pressing needs during the pandemic. Through this process, READ identified the **MOST urgent needs of food, medication, and medical attention.** After liaising with local government agencies and other partners, they were to able to provide ambulance services to 149 individuals and refer others with COVID-19 symptoms to local hospitals for urgent care.

READ's assessment data has now been shared widely, and especially with local government. Oftentimes the ONLY comprehensive data gathered in rural communities, vital insights gleaned from READ Nepal's COVID-19 report will be extremely useful in informing local decison-making during crisis response.

**Centers have already reached 22,760 people to educate them on COVID-19 and how to protect their families.** Collectively, they successfully distributed 1,700 masks, 118 sanitizers, and 1,200 gloves to those in need, along with 6,992 food rations to daily wage workers with no income. Centers also assisted 135 migrant workers who were stranded on their way home during the lockdown. Centers in Nepal have also volunteered to serve as quarantine centers, and have forged partnerships with local health institutions to offer immunization to 235 infants and children and conduct pre-natal check-ups.

## India

Across India, where smart phone penetration is relatively high, READIndia began to offer its regular trainings remotely within weeks of thepandemic's rise, and has already reached 4,749 people through remote training. While READ India Centers hope to re-open for in-person training in small groups soon, they plan to continue to offer remote learning possibilities to expand their reach to those that are not able to visit Centers.

READ India distributed 2,106 sets of essential food items, as well as 16,490 hygiene kits. It has also reached 2,261 people with information on protecting their mental




and physical health during the pandemic. Leveraging a key strength of our network in India, stitching and sewing groups previously organized through READ Centers pivoted to making face masks and PPE, employing women artisans across many states of India. As READ India continues to help women artisans adapt their trade in light of the pandemic, they have enhanced their support by organizing remote trainings on social media marketing to help them build a market for their goods while physical sales opportunities are limited, and to expand sales to a broader base of customers.



## Bhutan

In Bhutan, our teams continue to bring books and other learning material to children who are out of schools and adults through a newly organized mobile library program. READ Bhutan continues to reach their communities through enhanced social media outreach to provide free online content and fun educational activities for kids and their families - such as book reviews, storytime videos and much more! Currently in the works, READ Bhutan is collaborating closely in partnership with local schools to plan activities at READ Centers in small, socially-distanced groups in the event that schools do not reopen soon.

Especially during the pandemic, the Khotakpa READ Center actively broadcasts their own educational content for children and content produced by the Ministry of Education reaching over 2,500 rural villagers regularly. Oftentimes, these public service announcements remain the only source of official information these rural communities receive and is vital during crisis.

## Next Steps

As READ and its vast network of 107 READ Centers adjust to a new normal, they are preparing for reopening, identifying creative ways to continue engaging the community in smaller, socially-distanced groups, while continuing to offer core programs in new ways. In the coming months, Centers will emphasize programs related to health and hygiene, educational activities for children and youth, literacy (adult, digital and financial), economic empowerment, and agricultural support. Centers will also place a renewed emphasis on programs to address gender-based violence and access to mental health resources.

**Through this crisis, we are raising funds to support new program ideas to be able to reach more communities and will need your help more than ever.** New COVID-19 response programs include:

- Expanded mobile libraries and other outreach activities
- Information hotlines in partnership with the government to answer COVID-19 and related queries
- Opening washing and sanitation stations at READ Centers in communities where unavailable
- Radio stations to increase broadcasting of educational content & expansion of remote offerings
- Supplying emergency food and essential items for those in need

कोभिड-१९: सामुदायिक पुस्तकालय गतिविधि

# लुम्बिनी तिनाउ सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र



*सैनामैना-८ बाँसगढी*

ट्याग सहभागीहरूको लकडाउनको समयमा कोरोना सम्बन्धी सर्वेक्षण सम्पन्न गरिएको थियो । जुन सर्वेक्षणमा ८ जना सहभागी थिए ।

हरेक महीना पुस्तकालयले महिला तथा बालबालिकाका लागि खोप कार्यक्रम संचालन गरेको थियो । जस अनुसार असारमा ९७ बालबालिका तथा १० जना गर्भवती, साउनमा ६६ बालबालिका तथा ९ जना गर्भवती र भदौमा ६९ बालबालिका र ८ जना गर्भवतीमा खोप लगाएको थियो ।

पुस्तकालयले आमाको माया सम्बन्धी अनलाइन तालिमका साथै ट्याग सहभागीहरूलाई आफ्नो वरिपरि रहेका गर्भवती महिलाहरू कति छन् र उनीहरू कुन अवस्थामा छन् भन्नेबारे सर्वेक्षण गरिएको थियो । जुन सर्वेक्षणमा १० जनाको सहभागिता रहेको थियो ।

यसैगरी, ट्याग दोस्रो चरणको तालिम संचालनको लागि सहभागी छनोट गरिएको थियो । सहभागीहरूलाई कोभिड-१९ समूह, शैक्षिक सरोकार समूह तथा जीडीभी समूहमा विभाजन गरी अनलाइनमार्फत अभिमुखीकरण तालिम सम्पन्न गरिएको थियो । हरेक समूहले समुदायमा काम गरिरहेका सदस्यहरूसँग विभिन्न किसिमका जिज्ञासा संकलन गरेका थिए ।

पुस्तकालयले रिड नेपालसँग नियमित सम्पर्कमा रही अनलाइनमार्फत विभिन्न तालिम संचालन गरेको थियो । ट्याग किशोरीहरूले निरन्तर रूपमा सामाजिक सञ्जाल प्रयोग गरी आफ्ना विचार तथा जानकारीमूलक सामग्रीहरू पोष्ट गरेका थिए ।

अगस्ट १२ मा ट्याग किशोरीहरूबीच जनप्रतिनिधिसँग युवा विषयमा अन्तरक्रिया गरिएको थियो । सो अन्तरक्रियामा २४ जनाको उपस्थिति रहेको थियो ।

पुस्तकालय दिवसको अवसरमा रिड नेपालले आयोजना गरेको अनलाइन तालिममा पुस्तकालयको तर्फबाट १२ जनाको सहभागिता रहेको थियो । ट्याग सहभागीहरूलाई अनलाइनमार्फत ब्यूटिसियन तालिम दिइएको र जसमा १५ जनाको सहभागिता रहेको थियो ।

लकडाउनको समयमा निरन्तर पुस्तकालय सरसफाइ गरिएको थियो भने बिहान १० बजेदेखि १ बजेसम्म पुस्तकालय खोलिएको थियो ।

यसबीचमा पुस्तकालय समितिको बैठक दुई पटक बसेको थियो । बैठकमा पुस्तकालयको दिगो आम्दानीको स्रोतको रूपमा रहेका १० वटा सटरलाई एक/एक महीनाको भाडा छुट दिने निर्णय पुस्तकालयले गरेको छ ।

# फूलबारी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र

*मध्यविन्दु नपा. वडा नं. ३*



कोरोना महामारीको समयमा फूलबारी सामुदायिक पुस्तकालय र असल छिमेकी नेपालको साझेदारीमा २० घरपरिवारलाई राहत वितरण गरिएको छ ।

पुस्तकालयले आमाको माया सम्बन्धी अनलाइन तालिमसँगै ट्याग सहभागीहरूको आफ्नो घर वरिपरि रहेका ८ जना गर्भवती महिलाको तथ्यांक संकलन गरिएको थियो ।

पुस्तकालयले साउन २८ गते युवा दिवसको अवसरमा जनता मावि इटौरामा बृहत् वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको छ ।

ट्याग किशोरीहरूले २३८ घरपरिवारको जोखिम निर्धारण सर्वेक्षण गरेका छन् । यसैगरी मध्यविन्दु न.पा. वडा नं. ३, एच यु प्रोजेक्टमार्फत ६ जनाले जोखिम निर्धारण सर्वेक्षण गरेका छन् । कोरोनाभाइरस सम्बन्धी जनचेतना फैलाउँदै मास्क वितरण गरिएको थियो । दिगो स्रोतका रूपमा रहेको पुस्तकालयले सटरभाडामा लगाउँदै आएकोमा एक महीनाको भाडा छुट गर्ने निर्णय गरेको छ । लकडाउनका समयमा विद्यालयको पठनपाठन बन्द भएपछि विद्यार्थीलाई अध्ययनका लागि हलकोठा उपलब्ध गराइएको थियो ।

यसैगरी, मध्यविन्दु न.पा.को साझेदारीमा रोग प्रतिरक्षा प्रणाली बढाउने औषधि वितरण गरिएको थियो ।

# जहदा सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र

*बर्दघाट नगरपालिका-१२*

ट्याग परियोजना अन्तर्गत पहिलो चरण पूरा भई दोस्रो चरणमा छनोट भएका २७ जनालाई ९/९ जनाको तीन वटा समूहमा विभाजन गरिएको थियो । कोभिड-१९ सूचना समूह, लैंगिक हिंसा समूह र शिक्षा स्रोत समूह गठन गरी हरेक समूहका लागि अभिमुखीकरण गरिएको थियो । कोभिड-१९ को समयमा ट्याग किशोरीले कोभिड-१९ जोखिम निर्धारण सर्वेक्षण गरिएको थियो ।

पुस्तकालयमा भएको एचयू प्रोजेक्ट अन्तर्गत जहदा सामुदायिक पुस्तकालयले रिड नेपालको सहयोगमा कोभिड-१९ को विश्वव्यापी महामारीको सम्बन्धमा यस पुस्तकालयको कार्यक्षेत्र अन्तर्गत जहदा र लेवडा गाउँको घरधुरी अवस्था पहिचान सर्वेक्षण गरिएको थियो । जुन प्रतिवेदन बर्दघाट नगरपालिकाको कार्यालय, बर्दघाट नगरपालिका १२ नम्बर वडा कार्यालय, बर्दघाट नगरपालिका १३ नम्बर वडा कार्यालयमा हस्तान्तरण गरिएको थियो ।

६ महीनादेखि पाँच वर्षसम्मका बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि प्रदान गरिएको थियो । सामाजिक सञ्जालमार्फत विभिन्न समूहमा बालबालिकाको पढाइ, घरेलु हिंसा तथा स्वास्थ्य सम्बन्धी जनचेतनामूलक सूचना तथा जानकारी प्रदान गरिएको थियो ।

कोभिड-१९ को महामारीमा कोरोना संक्रमणको जोखिमलाई कम गर्ने उद्देश्यले पुस्तकालयमा मास्क, स्यानिटाइजर र ग्लोब्सको व्यवस्था गरिएको छ । पुस्तकालयमा आउने पुस्तकालय प्रयोगकर्ता, गर्भवती महिला, बच्चाका आमाहरूलाई मास्क वितरण र कोभिड-१९ को बारेमा जनचेतनामूलक सन्देश प्रदान गरिएको थियो ।

नेपाली महिलाको चाड हरितालिका तीजको उपलक्ष्यमा रिड नेपालले ट्याग सहभागीहरूको लागि अनलाइन ब्यूटिसियन तालिम संचालन गरेको थियो । कोभिड-१९ फोकस्ड समूहलाई समूहले गर्नुपर्ने कामहरूको बारेमा समूहका सदस्यहरू (ट्याग किशोरीहरू) लाई अनलाइन अभिमुखीकरण गरिएको थियो । १३औं पुस्तकालय दिवसको अवसरमा यात्रु तथा सवारी चालकलाई मास्क वितरण कार्यक्रम सम्पन्न गरिएको थियो । जहदा सामुदायिक पुस्तकालय र सामुदायिक रेडियो दाउन्ने एफएमको सहकार्यमा हरेक बुधबार बिहान ८:३० बजे समुदायसँग सामुदायिक पुस्तकालय नामक रेडियो कार्यक्रम प्रसारण भइरहेको छ । ट्याग परियोजना अन्तर्गतको दोस्रो चरणको तालिम अघि बढाउने उद्देश्यले असोज १३ गते भौतिक दूरी कायम गर्दै २७ जना ट्याग किशोरीहरूलाई पाँच वटा समूहमा विभाजन गरिएको थियो ।



पुस्तकालयमा वैशाखदेखि असोजसम्म ३७ गर्भवती महिला र २१२ बालबालिकालाई खोप सेवा प्रदान गरेको थियो । ट्याग किशोरीहरूले कोभिड-१९ बाट बच्ने उपायहरूको बारेमा भिडियोहरू बनाएर सामाजिक सञ्जालमार्फत जनचेतना फैलाउने काम गरेका थिए ।

लैंगिकतामा आधारित हिंसा सरोकार समूहले प्रहरी चौकी गई महिला माथि हुने हिंसाका घटनाबारे जानकारी संकलन गरेका थिए । यसका साथै नगरपालिका न्यायिक समिति संयोजकसँग फोनमार्फत महिला हिंसा सम्बन्धी समस्याहरू संकलन गरेका थिए ।

# अग्यौली सामुदायिक स्रोत पुस्तकालय

*कावासोती नगरपालिका-१६*

कावासोती नगरपालिकाले चालु आर्थिक वर्षका लागि छुट्याएको बजेटबाट पुस्तकालयको भवन निर्माण गरिएको छ भने पुस्तकालयमा रेलिङ्ग तथा मार्बल लगाउने काम पनि सम्पन्न भएको छ ।

पुस्तकालय तथा वडा कार्यालयको समन्वयमा लकडाउनको अवधिमा पैदल यात्रीहरूलाई खाना तथा आवासको व्यवस्था गरिएको थियो । यति मात्र होइन, पैदल यात्रीलाई मास्क तथा खानेपानी वितरण गरिएको थियो । पुस्तकालयमा रहेको सटर व्यवसायीहरूलाई एक महीनाको भाडा छुट गरिएको थियो ।

१० जना ट्याग किशोरीहरूले कोभिड-१९ जोखिम निर्धारण सर्वेक्षण गरेका थिए । अन्तर्राष्ट्रिय युवा दिवसको दिन कोभिड-१९ र युवाको भूमिका विषयमा सचेतना तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो ।१३औं पुस्तकालय दिवसका अवसरमा विभिन्न कार्यक्रम सम्पन्न गरिएको थियो । राष्ट्रिय बाल दिवसमा बालबालिकाबीच कविता लेखन तथा चित्रकला प्रतियोगिता गरियो । प्रतियोगिताका विजेतालाई पुरस्कार प्रदान गरिएको थियो । ट्याग किशोरीहरूलाई कोभिड-१९ सचेतना समूह, शैक्षिक समूह तथा लैंगिकतामा आधारित हिंसा समूहमा विभाजन गरी त्यस समूहमा आधारित जिज्ञासाहरू संकलन गर्ने जिम्मा दिइएको थियो ।

कोभिड-१९ सचेतना समूहले आफ्नो परिवार तथा समुदायमा कोभिड सम्बन्धी जिज्ञासा संकलन गरेका थिए ।

ट्याग किशोरीहरूको भर्चुअल रूपमा अन्तर्वार्ता लिइएको थियो । अन्तर्वार्तामा सहभागी ५० जनाबाट २७ जना किशोरीलाई दोस्रो चरणको लागि छनोट गरिएको थियो ।

एड्भान्स रूपमा ट्याग तालिमको दोस्रो चरणको लागि विभिन्न पाँच समूह विभाजन गरिएको थियो । पुस्तकालयले 'समुदायसँग सामुदायिक पुस्तकालय' नामक रेडियो कार्यक्रम प्रसारण गर्दै आएको छ । लकडाउनका समयमा पनि आफ्ना सेवासुविधा निरन्तर रूपमा प्रदान गरिएको थियो ।

# लामो समय बन्द हुँदा पुस्तकालयका सामग्री

लामो समयसम्म पुस्तकालय बन्द भएको बेलामा तथा कोभिड १९ जस्ता महामारीको अवस्थामा पुस्तकालयका सामग्री संरक्षणका लागि अपनाउन सकिने उपायाहरूबारे पुस्तकालयका सामग्र संरक्षण, पुस्तकालयमा जाँदा अपनाउने सुरक्षा सावधानी तथा अनलाईनमा गर्न सकिने कार्यहरूबारे एक दस्तावेज बनाइएको छ । जुन अपाङ्गता समावेशी विपद् जोखिम न्युनीकरण कार्यक्रम अन्तरगत भुकम्प तथा हावाहुरी आउँदा पुस्तकालयका समग्रीबाट हुन सक्ने जोखिमलाई लक्षित गरी ४ वटा पुस्तकालयका लागि बनाएको दस्तावेज रिड नेपालका ६५ वटा पुस्तकालयमा पठाइएको छ । पुस्तकालयहरूले धेरै नै यसको आधारमा सामग्रीको संरक्षण गरेको पाइएको छ ।

विभिन्न समयमा फरक कारणले गर्दा लामो समयसम्म पुस्तकालय बन्द गर्न पर्ने अवस्था आउन सक्छ । जस्तैः हाल कोभिड १९ को प्रभावका कारण लामो समयदेखि पुस्तकालयहरू बन्द अवस्थामा छन् । यस्तो समयमा पुस्तकालयका सामग्रीहरू विग्रन तथा नोक्सानी हुन सक्दछ । यस्ता समस्या न्युनीकरण गर्नका लागि विभिन्न विज्ञहरूको सल्लाह, अन्तराष्ट्रिय स्तरका पुस्तकालयले अवलम्वन गर्दै आईरहेका अभ्यास तथा रिड नेपालको सहयोगमा स्थापित सामुदायिक पुस्तकालयहरूको अनुभवको आधारमा पुस्तकालयका सामग्रीको संरक्षण गर्ने अपनाउन सकिने उपायहरू बारे सहयोगी सामग्री तयार पारिएको छ । यस सामग्रीको मार्फत पुस्तकालयहरूले तपशिल बमोजिमको उपयाहरू अपनाउदे आफ्ना पुस्तकालयका सामग्रीहरू संरक्षण गर्न सक्नेछन् । पुस्तकालयहरूले सामग्री संरक्षणको आफ्ना आफ्ना नीति निर्णयहरू गरेका हुन सक्छन तर लामो समयसम्म पुस्तकालय बन्द हुने सन्दर्भमा कम्तीमा १५ दिनको एक पटक नियमित रूपमा निम्न प्रक्रियाहरू अपनाउन सकिन्छः

### क. सामग्रीहरू बिग्रने तथा नोक्सानी हुन सक्ने पक्ष र समाधान

**१ पानीः** लामो समयसम्म पुस्तकालय बन्द हुँदा पुस्तकालयभित्र पानी चुहिने, बाछिट्टा छिर्ने तथा पुस्तकालयभित्र राखिएका पानी पोखिनाले सामग्रीहरू बिग्रने तथा नष्ट हुने गर्दछ । त्यसैले पानीबाट बचाउन निम्नलिखित उपायहरू अपनाउनु पर्दछ :

- झ्याल, ढोका राम्रोसँग लागे नलागेको एकिन गर्ने ,
- झ्याल, ढोका नजिकै बाछिटाले भेट्ने ठाउँमा पुस्तक, पत्रपत्रिका भए हटाउने ।
- पुस्तकालय भवन वा कोठामा पानी चुहिने, रसाउने छ भने त्यसको मर्मत गर्ने ।
- पुस्तकालयभित्र रहेको खाने पानी तथा तरलजन्य पदार्थ हटाउने ।
- पुस्तकालयभित्र कुनै पनि अवस्थामा बाढी नपस्ने एकिन गर्ने

**२ धुलो, मुसा र किराहरूः** मुसा, धमिरा, कमिला, साङ्लो तथा सिल्भरफिस जस्ता चिजले पुस्तकालयको सामग्री तथा काठको फर्निचर समेट नष्ट पार्दछ । यसबाट सामग्रीहरू जोगाउने निम्नलिखित विधिहरू अपनाउनेः

- दराज र पुस्तकहरू १५ दिनको एक पटक सरसफाई गर्ने व्यवस्था मिलाउने ।
- मुसा आउने प्वाल बन्द गर्ने र मुसा मार्ने खोरको प्रयोग गर्ने । (विषको प्रयोग गर्न हुँदैन)
- पुस्तकालयभित्र कुनैपनि प्रकारको खाद्य पदार्थ भए हटाउने ।
- लामो समय बन्द हुँदा किटनाशक औषधीहरू राख्ने वा छर्कने । फिनेलका गोली, कपूर, टिमुरका गेडा जस्ता चिज दराजहरूमा राख्न सकिन्छ ।

**३ तापक्रमः** अधिक तापक्रम वा न्यून तापक्रमले सामग्रीहरूलाई असर पार्दछ । अत्यधिक आर्द्रता अँध्यारो चिसो भएको कोठामा ढुसी पर्दछ भने प्रत्यक्ष घामको किरण लाग्ने र गर्मी कोठामा रहेका पुस्तकहरू नासिने, खुइलिने हुन्छ । तसर्थ यसको रोकथामको लागि तल लेखिएका उपायहरू अबलम्बन गर्नुपर्दछः

- पर्याप्त मात्रामा उज्यालो हुने र हावा संचालन हुने कुराको एकिन गर्ने
- कोठा भित्र प्रत्यक्ष घामको किरण पस्न दिनु हुँदैन । यदि घाम आउने कोठा छ भने पर्दाको सही व्यवस्थापन गर्ने,

**४ सम्भावित आगलागीः** लामो समयसम्म पुस्तकालय बन्द रहदा विषेश गरी गर्मीको समयमा पुस्तकालमा आगलागिको सम्भावनाहरू पनि हुन सक्छ । तसर्थ यस्ता समस्या न्यूनीकरण गर्न नियमित रूपमा तपशिल बमोजिमको बुँदाहरूलाई मध्य नजर गर्न सकिन्छः

- पुस्तकालय भित्रको कुनै पनि प्रकारको प्रज्वलित पदार्थ जस्तै तेल, डिजेल, पेट्रोल जस्ता पदार्थ हटाउने,

# संरक्षणका लागि अपनाउन सकिने उपाय

- पुस्तकालय भित्र यदि लाईटर, सलाई जस्ता वस्तु छन् भने, हटाउने वा सुरक्षित तवरले राख्ने,
- कतिपय समयमा बिजुली सट भई पनि आगलागी हुने सम्भावना हुने हुँदा बिजुलीको मुख्य स्वीच नै बन्द गरिदिने तर सि.सि.क्यामेरा नियमित संचालनको लागि छुट्टै लाईनको ब्यवस्था गर्ने
- चट्याङबाट जोगाउन पुस्तकालयमा अर्थिङको व्यवस्था भए नभएको एकिन गर्ने, नभए अर्थिङक गराउने

५ **मानिसः** नियमित रूपमा पुस्तकालय बन्द हुँदा पुस्तकालयका सामग्री चोरी हुने सम्भावना पनि रहन सक्छ । तसर्थ तल उल्लेख गरेका विधिहरू अपनाउदा चोरीको जोखिम घटाउन सकिन्छ :

- पुस्तकालयको झ्याल ढोका बलियो गरी लगाउने,
- ढोकामा बलियो ताल्याको व्यवस्थापन गर्ने,
- यदि पुस्तकालयभित्र रहेको सि.सि. क्यामेरा भए चालु अवस्थामा राख्ने,
- वरपरको छरछिमेकमा समय समयमा नजर लगाईदिन आग्रह गर्ने
- पुस्तकालयका मूल्यवान सामग्री जस्तै ल्यापटप, कम्प्युटर, प्रोजेक्टर, क्यामेरा आदि तथा अन्य सबै सामग्रीको चोरी हुनबाट जोगाउन स्थानीय सरकारलाई सुरक्षाबारे जानकारी गराउने ।

### ख. सूचना सञ्चार तथा प्रविधिका सामग्री संरक्षणका लागि अपनाउने सावधानी

- पुस्तकालयभित्र रहेका महत्वपूर्ण सामग्री दराजमा राख्ने र राम्रोसँग साचो लगाउने,
- व्यवस्थापन समितिको सहमतिमा कुनै महत्वपूर्ण सामग्रीहरू घरमा लगेर पनि राख्न सकिन्छ
- सि.सि क्यामेरा भएमा अन गरेरै राखिराख्ने ।
- कम्प्युटर, ल्यापटप, प्रोजेक्टर तथा इलेट्रिक सामग्रीमा विधुत लाईन छुटाउने ।
- प्रविधिका सामग्री सबैको सफा र नरम कपडाले छोप्ने
- नियमित रूपमा सफा र नरम कपडाले स्प्रे प्रयोग गरी पुछने ।

***महत्वपुर्ण सूचनाः*** *पुस्तकालयको सामग्रीहरू, भवन र अन्य भौतिक सम्पत्तिहरू विभिन्न कारणले निम्त्याउने र्दुघटनाको कारण क्षति तथा नष्ट हुने जोखिम न्यूनीकरणको लागि अनिवार्य रूपमा इन्सोरेन्स गरौं र जोखिम हस्तान्तरण गरौं ।*


### ग. लकडाउन तथा विशेष अवस्थामा पुस्तकालयका सामग्री संरक्षणका लागि पुस्तकालय खोल्दा अपनाउने प्रक्रिया

- पुस्तकालय व्यवस्थापन समितिलाई जानकारी गराउने तथा स्थानीय सरकारसँग स्विकृति लिने,
- पुस्तकालयका सामग्री संरक्षणका लागि मात्र पुस्तकालय खुल्ला गरिएको सूचना संप्रेषण गर्ने ।
- पुस्तकालयमा भएका कर्मचारीको संख्या अनुसार सबैको समय व्यवस्थापन गर्ने । एक पटकमा दुई जनालाई यस कार्यको लागि खटाउदा प्रभावकारी हन्छ ।
- पुस्तकालय जान लागेको बारे आफ्नो घरमा सूचना गर्ने ।
- व्यक्तिगत सरसफाई जस्तो साबुन पानीले हात धुने, माक्स तथा ग्लोब्स लगाउने, स्यानिटाइजरको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने तथा शरीरमा हाप लुगा नलगाइ पूर्ण रूपमा शरीरमा लुगा लगाउने जस्ता कुरा लाई विशेष ध्यान दिने,
- पुस्तकालय जाँदा तथा घर फर्कदा आफ्नो परिचय पत्र भिर्ने वा साथमा राख्ने ।
- यस्तो बेला पुस्तकालयमा पाठक वा सरोकारवाला आएमा सेवा बन्द भएको बारे जनकारी गराउने ।
- स्थानीय स्तरका अन्य कुनै प्रक्रियाहरू भए अवलम्बन गर्ने,
- आफूले प्रयोग गर्ने यातायातका साधन स्यानिटाइज गर्ने

### घ. हालको अवस्थामा विश्वव्यापी रूपमा समस्या सिर्जना गराईरहेका कोभिड १९ ले पुस्तकालयको सामग्री संरक्षण र सम्वर्द्धनको क्षेत्रमा दिएका केही अवसर र सन्देशहरू

- हाम्रो पुस्तकालयमा सामग्री संरक्षण तथा सम्वर्द्धनसँग सम्बन्धित नीति तथा निर्णय छन् कि छैनन्, छैनन् भने यस्ता समस्या भविष्यमा पनि आइरहन सक्छ तसर्थ यस्ता नीति निर्णयहरू पुस्तकालयले तयार पार्नु पर्दछ । साथै हामीसँग त्यस्ता नीति निर्णयहरू अग्रिम रूपमा छन् भने त्यसको प्रभावकारिता कत्तिको छ, छैन हेर्न र अध्यावधिक गर्ने यो उपयुक्त समय हुन सक्छ ।
- यस समयमा पुस्तकालयमा पाठकहरूको उपस्थिति नहुने हँदा पुस्तकालयमा भएका सामग्रीहरूको अवस्था विश्लेषण गर्ने र आवश्यक मर्मत सम्हार तथा अध्यावधिकको लागि रणनीतिहरू तयार पार्न सकिन्छ ।
- पुस्तकालयको सामग्रीकोहरूको सूचि अध्यावधिक गर्ने, काम नलाग्ने सामग्रीहरू नष्ट गर्ने हटाउने उपयुक्त समय हुन सक्छ ।
- पुस्तकालय भित्रका आन्तरिक व्यवस्थापन, जस्त : कोठा, फर्निचर तथा कुर्चि टेवलको सेटिङ्ग मिलाउने यो उपयुक्त समय हुन सक्छ ।
- पुस्तकालयको आन्तरिक नीति तथा रणनीतिहरू समिक्षा गर्ने अध्यावधिक गर्ने यो उपयुक्त समय हुन सक्छ ।
- पुस्तकालय भवनको मर्मत, बगैँचा बनाउने, भवनभित्रका बत्तिहरू व्यवस्थापन गर्ने जस्ता कार्य गर्न यो उपयुक्त समय हुन सक्छ ।


धन्यवाद ।



बन्दाबन्दी पश्चात
संस्थाको क्रियाकलापहरु
सुचारु गर्ने मार्ग
निर्देशिका

READ Nepal
Sano Gaucharan, Kathmandu
+977- 01- 4423141/4430017
info@read.org.np
www.read.org.np
f www.facebook.com/readnepal
2020





READ Nepal
Inspiring Rural Prosperity

यो निर्देशिका COVID-19 को महामारीमा राष्ट्रमा भएको बन्दाबन्दी पछि केहि खुकुलो भएको अवस्था पश्चात जोखिम न्यूनिकरण र व्यवस्थित तरीकाले रिड नेपालको कार्यक्रम र गतिविधिहरु कार्यान्वयन गर्न तयार रहेकोछ ।

1 | Page




READ Nepal
Inspiring Rural Prosperity

विषयसूचि

परिचय ........ ३
व्यक्तिगत तयारी ........ ४
यात्रा गर्दा ........ ५
कार्यालय व्यवस्थापन ........ ५
कार्यस्थल व्यवस्थापन ........ ५
बैठक व्यवस्थापन ........ ६
तालिम, अभिमुखीकरण, कार्यशाला गोष्ठि तथा सेमिनार ........ ६
सवारी साधनको प्रयोग र व्यवस्थापन ........ ६
अन्य ........ ७
मार्ग निर्देशिका सबैले पालना गरे नगरेको सुनिश्चित गर्ने अनुगमन संयन्त्र ........ ७

2 | Page



READ Nepal
Inspiring Rural Prosperity

नेपाल सरकारले COVID-19 महामारी फैलावट रोकथाम तथा नियन्त्रण गर्न देशव्यापीरुपमा बन्दाबन्दी गरेको थियो भने विगत ६ महिनादेखि लगाएको पूर्ण बन्दाबन्दी र निषेधाज्ञा पश्चात अहिले नागरिकहरुको दैनिकीलाई सहज बनाउन केहि खुकुलो बनाइएको अवस्था छ । महामारीको परिस्थिती सामान्य तर्फ फर्किए पश्चात पनि केही समय यसको जोखिम उच्च रहने विज्ञहरुको सुझावलाई समेत मध्यनजर गर्दै, यस रिड नेपालमा आवद्ध व्यक्तित्वहरु, कर्मचारी तथा अन्य प्रमुख सरोकारवालाहरुको स्वास्थ्यलाई ध्यानमा राखी कोरोना माहामारी पश्चातको अवस्थामा संस्थाका गतिविधीहरु जोखिम रहित एवं व्यवस्थित तवरबाट संचालन गर्नका लागि कार्य सन्चालन मार्गनिर्देशन जारी गरी लागूगरिएको छ ।.

परिचय

हाल विश्वभरी फैलिएको नयाँ कोरोना प्रजातिको भाइरसको संक्रमणबाट हुने रोगलाई विश्व स्वास्थ्य संगठनले कोभिड-१९ नाम दिएको छ र उक्त रोग विश्वव्यापी माहामारीको रुपमा फैलिरहेको छ । कोरोना भाइरसले मानिसको स्वासप्रश्वास प्रणाली (respiratory syndrome) मा गम्भिर असर गर्ने क्षमता राख्दछ । यस रोगबाट विश्वमा हजारी मानिसहरुको मृत्यु भैइरहेको छ ।

यसका मुख्य लक्षणहरुमा ज्वरो (१००.४ डिग्री फरनहाइट भन्दा माथि), सुक्खा खोकी,सास फेर्न गाह्रो हुने र खान अरुची हुने वा स्वाद नहुने लगायत रहेका छन् । यो भाइरस संक्रमित व्यक्तिले हाछ्युँ गर्दा, खोक्दा वा थुक्दा निस्कने छिटाको संसर्गमा अर्को व्यक्ति आएमा यो भाइरसका जिवाणु अर्को व्यक्तिमा सर्ने र संक्रमित बनाउने हुन्छ । सामान्य रुपमा यो भाइरसका जिवाणु मुलत र्‍याल, खकार र सिगान हुँदै श्वासप्रश्वासको माध्यमबाट एक मानिस देखि अर्को मानिसमा सर्दछ । सामन्यतया हामी हाछ्युँ गर्दा, खोक्दा हातले नाक मुख छोप्छौ, सिगान पुछ्दा पनि खाली हातले पुछेर जथाभावी लुगा माटो ढुङ्गा इत्यादीमा दल्छौ वा पानीले पखाल्छौ जसले गर्दा र्‍याल, खकार र सिंगानमा भएका जिवाणु (भाईरस) हातैमा रहने र हातको माध्यमबाट अन्य व्यक्तिमा सर्ने हुन्छ । यसैगरी खकार सिंगान वा थुकका छिटाहरु खसेको जमिन वा अन्य कुनै सतहमा ब्याक्टेरिया, भाईरस रहेको हुन सक्छ र त्यस्ता संक्रमित सतहमा छोइ राम्रोसँग साबुन पानीले हात नधोएमा वा ह्याण्ड स्यानिटाइजरले हात सफा नगरेमा पनि यो रोग सर्न सक्दछ । सँगै बसेको मानिसले हाछ्युँ गर्दा, खोक्दा र बोल्दा समेत मुखबाट आउने थुकको छिटाले पनि संक्रमण हुन सक्छ । त्यसैले एक मानिस र अर्को मानिसका बीचमा कम्तिमा तीन फिटको भौतिक दुरी चाहिएको हो । यो भाइरस कुन बस्तुमा कति समयसम्म जिवीत रहन्छ भन्ने कुरा अझै यकिन भै नसकेकाले पनि भाइरस भएका त्यस्ता वस्तु वा सतह छोएमा सर्ने र सार्ने दुवै खतरा रहिरहने हुन्छ । यस भाइरसले संक्रमित हुनु लगत्तै लक्षण देखिन समय पनि लाग्न सक्छ । केही व्यक्तिहरुमा भाईरस प्रवेश गरेको लामो समय सम्म पनि लक्षण नदेखिने र यो भाईरस आफै हराएर जान पनि सक्दछ । जसका कारण रोगको संक्रमण नदेखिएको व्यक्ति पनि यस भाइरसको बाहक (Silent Career) हुन सक्छ । हालसम्म यस भाइरस बिरुद्धको खोप वा औषधि बनिसकेको छैन । खोप वा औषधि उपलब्ध नभएसम्म सतर्कता अपनाउनु जरुरी हुन्छ ।

यी सबै अवस्थाहरुलाई ध्यानमा राखी बन्दाबन्दी (लकडाउन) हटी सकेपछि आफ्नो कार्य क्षेत्रमा जाँदा कसरी सुरक्षित तवरले जाने र आफू, परिवार र समुदायलाई सुरक्षित राखी कसरी काम गर्ने भन्ने उद्देश्यले यो मार्गनिर्देशन तयार गरिएको छ ।

3 | Page

# कोभिड १९: राहत सामग्री वितरणका तस्वीर



बाँसगढी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा राहत सामग्री वितरण गरिँदै ।






सिन्धुलीको कमला सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा वास स्टेशन निर्माण र सरसफाई सचेतना ।



बागलुङको विद्या मन्दिर सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा राहत सामाग्री वितरण ।



उदयपुरको संगम सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा राहत सामाग्री वितरण ।



रामेछापको तामाकोशी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा राहत सामाग्री वितरण ।



कास्कीको दीपशिखा सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा जेष्ठ नागरिकलाई राहत सामाग्री वितरण ।



इलामको जनकल्याण सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा राहत सामाग्री वितरण ।

चितवनको दिव्यज्योति सामुदायिकपुस्तकालय तथा स्रोत केन्द्रमा राहत सामाग्री वितरण ।





चितवनको दिव्यज्योति सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा अपांगता भएकालाई राहत सामाग्री वितरण ।

पर्वतको मोती सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा राहत सामाग्री वितरण ।






बाँकेको ज्ञानोदय सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा राहत सामाग्री वितरण ।

मोरङको लेखनाथ सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रमा राहत सामाग्री वितरण ।



# विपद् जोखिम न्यूनीकरणको बहस



**ग्रामीण** शिक्षा तथा विकास (रिड) नेपालको आयोजनामा अन्तर्राष्ट्रिय विपद् जोखिम न्युनिकरण दिवस मनाइएको छ ।

कारोना महामारीका कारण जुम अन्तरक्रियामार्फत जोखिम न्यूनीकरण दिवस मनाइएको थियो ।

कार्यक्रममा रिड नेपालबाट संचालित अपाङ्गता समावेशी विपद् जोखिम न्युनिकरण कार्यक्रम संचालन भएका दोलखाको गौरिशंकर सामुदायिक पुस्तकालय, दाङको देउखुरी सामुदायिक पुस्तकालय, चितवनको गर्दी सामुदायिक पुस्तकालय, नुवाकोटको जनजागरण सामुदायिक पुस्तकालय तथा रिड नेपालको सहयोगमा स्थापना भएका ४० भन्दा बढी पुस्तकालयका तर्फबाट सहभागिता जनाइएको थियो ।

रिड नेपालका कार्यकारी अध्ययक्ष भोला कुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममामा विषय विशेषज्ञका रुपमा इको नेपाल तथा विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन विज्ञ रामचन्द्र न्यौपानेले सहजिकरण गरेका थिए ।

# देउखुरीमा वास स्टेशन

**कोभिड** १९ को महामारीमा दांगको देउखुरी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रले हात धुनका लागि पानी ट्याङ्की सहित साबुन पानीको व्यवस्था गरेको छ । पुस्तकालयले पुस्तकालय हाताका साथै २ वटा क्वारेनटाइनमा यस्तो व्यबस्था गरेको हो ।

यसका साथै माक्स तथा सेनिटाइजरको समेत व्यवस्था गरिएको थियो । पुस्तकालयको यस्तो व्यवस्था गरेपछि क्वारेनटाइनमा ५० जना मानिस भन्दा बढी लाभान्वित भएका थिए ।

यसैगरी दैनिक पुस्तकालयमा आउने पाठकले कोभिड १९ को महामारीमा अपनाउने सावधानीका बारेमा पनि जानकारी गराइएको छ । पुस्तकालयमा शुरू गरिएको यो साबुन पानी अन्य पाठकका साथै विद्यालयका विद्यार्थी तथा शिक्षकले पनि प्रयोग गर्दै आइरहेका छन् ।



# यस वर्षको पुस्तकालय दिवसः समाज रुपान्तरणका लागि सामुदायिक तथा सार्वजनिक पुस्तकालयको भूमिका

**ग्रामीण** शिक्षा तथा विकास (रिड) नेपाल तथा डा. डिल्लीरमण रेग्मी पुस्तकालयको आयोजनामा गत भदौ १५ गते पुस्तकायल दिवस मनाइयो ।




कोरोना महामारीका कारण पुस्तकालय दिवस अनलाईन माध्यमबाट गरिएको थियो । समाज रूपान्तरणका लागि सामुदायिक तथा सार्वजनिक पुस्तकालयको भूमिका विषयकमा बिज्ञहरूले सहभागीहरूलाई छलफलका माध्यमबाट जानकारी गराएका थिए ।

डा. डिल्लीरमण रेग्मी पुस्तकालयका अध्यक्ष इन्दिरा दलीको अध्यक्षतामा भएको कार्यक्रममा देशभरका सामुदायिक पुस्तकालयका कर्मचारी, पुस्तकालय समिति तथा उपसमितिका सदस्य, रिड नेपालका कर्मचारी गरी ८० जना भन्दा बढिको सहभागिता थियो । कार्यक्रम रिड नेपालका चिनकाजी श्रेष्ठले संचालन गरेका थिए ।